# सम विकास केन्द्र EDC नेपाल डोटी

# **बार्षिक प्रगति प्रतिवेदन**

# **२०७७/०७८**




**ठेगाना : दि.सि.न.पा. ५ सिलगढी डोटी**
**फोन नं. ०९४-४११०५०/४१११८५,**
**इमेल :** edcnepa2053@gmail.com
फेसवुक : EDC Nepal **वइभ :** edc.doti.org.np

**विषय सूचि :** **पृष्ठ :**

संस्थगतको परिचय : ..........................................................................................२

संस्थागत जानकारी : ...................................................................................... ३ देखी ४,

संचालित कार्यक्रम, नागरिकसमाज संस्थाको विबरण, सहकार्य गरिएका निकायको विबरण :.................... ५

आ.व. २०७७/०७८ मा क्षेत्रगत रुपमा देखिएका उपलब्धि, नतिजा, परिवर्तन :..........................६ देखी १८

समन्वय, सहकार्य र साझेदारी : ..............................................................................१९

्कार्य संचालन गर्दा आईपरेका समस्या, चुनौति र सिकाइ : .........................................................२०

असल अभ्यास र संस्थाले संचालन गरेका कार्यहरु र गतिविधिले स्थानिय तहको नीति, नियम, सामाजिक संरचना र समुदायको व्यबहारमा आएको परिवर्तन : ....................................................२१ देखी २२,

अनुगमन तथा मुल्यांकन : ...................................................................................२३

कार्यक्रमको प्रभावकारीताका सुझाव, सूचना तथा संचार व्यबस्तथापन, मेडिया परिचालन : .................२४

सफलताका कथाहरु : .........................................................................................२५ देखी ३२

संस्थाले गरेका कार्यहरु आमसंचारमा ...................................................................३३ देखी ३८

विभिन्न कार्यक्रमका दृश्य फोटो झलकहरु : ................................................................३९ देखी ४१

# सम विकास केन्द्र (EDC) नेपाल डोटी
# **बार्षिक प्रगती प्रतिवेदन**
## २०७७/ ०७८

**१.संस्थाको परिचय** :-

सम विकास केन्द्र (EDC) नेपाल, डोटी दलित, महिला सिमान्तकृत समुदायको हक,अधिकार र विकासको लागि प्रतिबद्ध भई २०५३ साल देखी डोटी जिल्लामा कृयाशिल रहदै आएको छ । समतामुलक समाजको निर्माण गर्ने महान परिकल्पना, लक्ष्य, उद्देश्य वमोजिम अधिकारमुखि पद्धतिलाई आत्मासात गर्दै समाजको समृद्ध विकासका लागि स्थानिय नागरिक समुह, संगठन तथा संजालको संस्थागत विकास, समुदाय सशक्तिकरण, समुदाय परिचालन अधिकारवालाहरुको नेतृत्व, सहभागीता र  संलग्नता पैरवी अभियानको माध्यमबाट अधिकारवाला समुदायको हक, अधिकारका लागी निरन्तर विभिन्न परियोजना, कार्यक्रम संचालन गर्दै आएको छ ।

नागरि समाज संस्थाको संस्थागत सवलिकरण गर्दै मानव अधिकारमुखी अवधारणामा आधारित रही अधिकारवाला समुदायको क्षमता अभिवृद्धि, नेतृत्व विकास पैरवी अभियानका माध्याम वाट दलित, महिला, विपन्न तथा सिमान्कृत समुदायको आर्थिक  सशक्तिकरण, जिविकोपार्जन तथा स्थानिय तहका विकास निर्माण लगायत विभिन्न संरचनामा अर्थपुर्ण सहभागीता, छाउपडी प्रथाजन्य हानिकारक अभ्यास, जातीय छुवाछुत र भेदभावपुर्ण व्यबहारलाई तोड्दै न्यायपुर्ण समाज निर्माणमा स्थानिय तथा जिल्ला स्तरमा साझा अभियानहरु संचालन गर्दै आएको छ । महिलाको न्यायमा पहुँच वढाउन कानूनी उपचारमा सहयोग, मेलमिलापकर्ताको क्षमता अभिवृद्धि, निरन्तर अर्न्तकृया, छलफल, सहजीकरण, वहश र सचेतनामुलक कार्यहरु संचालन गर्दै न्यायिक समितिको कार्य सम्पादनमा योगदान पुग्ने गरि सहयोग गर्दै आईएको छ ।

खाश गरि गत वर्ष देखी विश्वमाहामारीका रुपमा रहेको कोभिड १९ को पहिलो र दोस्रो चरणले नेपालमा हजौरा मानिसको मृत्यू भएको छ । लाखौ मानिसहरु संक्रमण भए पश्चात उनिहरुको स्वास्थ्य अबस्था कमजोर भएको छ । लाखौ मानिस वेरोजगार वनेका छन, अर्थतन्त्र, पर्यटन र व्यावसाय धारासायि छ । बालबालिकाको मानसिक र शारारिक तथा सिकाई निकै कमजोर भएको छ । जनजीवन निकै प्रभावित भए संगै डोटी जिल्ला पनि त्यसको प्रभाव वाट मुक्त हुन सकेन, कोभिड संक्रमणका कारण जिल्लामा १२ जनाको मृत्यू भयो करिव तिन हजार भन्दा बढी मानिसहरु संक्रमण भएकाछन । बालबालिकाको शिक्षा अवरुद्ध रकेको छ । मानिसहरुको आवात जावत, ठप्प छ, व्याबसाय बन्द भएकाले मजदुर गरि खाने व्यक्ति र समुदाय जोखिममा रहेका छन, यस्तो विशम परिस्थितीलाई ध्यानमा राखी कोभिडको मापदण्डको पालना गर्दै स्थानिय तहको समन्वय र समुदायको आवश्यकतालाई मध्ययनजर गरि कर्मचारीको सुरक्षित परिचालन गरि कोभिड महामारीका संक्रमण बाट उपचारमा रहेका र विरामी कुरुवा हरुलाई २१ दिन सम्म खाना, खाजाको व्यबस्थापन, स्थानिय तहका आईसुलेशन र जिल्ला अस्पतालका आईसुलेशनको उपचार र सेवामा सहज वनाउन आवश्यक स्वास्थ्य सामग्री, उपकरण, अक्सीजन सिलिण्डरको व्यबस्थापन, स्वास्थ्य संस्था संगको निरन्तर समन्वय र सहकार्य प्रवर्द्धन, कोभिड बाट बाच्न र बचाउन युवा र किशोरीहरुको परिचालन गरि हातधुने अभ्यास,माक्सको प्रयोग, आमसंचारका माध्याम वाट सामुदायिक सचेतना, होमआईसुलेशनमा रहेका विरामीहरुलाई कोभिड विरुद्धको किट सामग्री विरतण लगायत मानविय सहायता गरि कोभिड १९ को प्रतिकार्यमा संस्थाले योगदान पुऱ्याउदैं आएको छ ।

**अतः** महिला हिंसाको न्युनीकरण, लैंगिक समानता, जातीय छुवाछुत तथा भेदभावको अन्त्यका लागी सरोकारवालाहरुलाई प्रतिबद्ध र जवाफदेही वनाई साझा अभियान संचालन, वहश, छलफल, कानूनी पराशर्म र कानूनी उपचार सहयोग, न्यायिक समिति संगको अन्तरसंवाद, स्थानीय सरकार, संघिय सरकारलाई ज्ञापन पत्र पेश, दलित समुदायको हक, अधिकारमा केन्द्रीत कार्यक्रम, सामाजिक जागरण कार्यक्रम तय गर्न स्थानिय तहलाई सुझाव पेश, जातीय छुवाछुत तथा विभेदका घटनाका पिडितलाई न्याय दिलाउन र घटनालाई न्यूनिकरण गर्नमा सरोकारवालाहरुको ऐक्यबद्धता कायम गर्न संस्थाले जिल्ला स्थित सरोकारवाला निकायको सहभागीतामा साझा अभियान संचालन गर्दै संचालित परियोजना, कार्यक्रम र गतिविधि बाट प्राप्त उपलब्धि, सिकाई र सुझावलाई समेटी आर्थिक बर्ष ०७७/०७८ यो बार्षिक प्रतिवेदन तयार पारिएको छ ।

**२.सम विकास केन्द्र (EDC) नेपालको परिकल्पना, ध्येय र लक्ष्य :-**

२.१.प<u>रिकल्पना (Vision)</u> :- सामाजिक न्याय, समानतामा आधारित, शान्ति र छुवाछुत रहित समतामुलक समाजको स्थापना संस्थाको परिकल्पना रहने छ ।

२.२.<u>ध्येय (Mission) :-</u> दलित, महिला,सिमान्तकृत तथा पछाडि पारिएका वर्गहरुको शसक्तिकरण, सम्मानजनक जिवनयापन, अधिकार, सामाजिक न्याय र समताका लागि न्यायपुर्ण समाजको निर्माण गर्ने ।

२.४ <u>लक्ष्य(Goal)</u> :- विपन्न, दलित, महिला, बालबालिका, अपांगता, सिमान्तकृत एंव पछाडि पारिएका वर्ग, समुदायहरुको सामाजिक, आर्थिक, शिक्षा, स्वास्थ्य,सांस्कृतिक एंव लैगिंक क्षेत्रको विकास गरि जीवन स्तरमा सुधार गर्नु ।

२.५.<u>संस्थाको उद्धेश्य (Objective)</u> :-

१) मानव अधिकार र सामाजिक न्याय सुनिश्चिताको लागि महिला, दलित र युवा समुदायलाई संगठित र सशक्त गरि एकिकृत आन्दोलनमुखि अभियानहरु संचालन गर्ने ।

२) दलित, विपन्न वर्ग समुदायका महिलाहरुलाई विकासको मुलप्रवाहमा पहुँच बढाउन महिला शक्तिकरण एवं लैगिंक सचेतना अभिवृद्धि गर्ने ।

३) एकिकृत सामाजिक विकास कार्यक्रमका माध्यमबाट दलित, महिला, जनजाती, सिमान्तकृत समुदाय, एकलमहिला अपांगता,वालवालीका एवं युवाको आर्थिक,सामाजिक, शिक्षा र स्वास्थ्य अवस्थामा सुधार गर्ने ।

४) जिविकोपार्जनका लागी खाद्य सुरक्षा, खाद्यअधिकार लगायत पोषणलाई अधिकारको रुपमा विस्तार गरि कार्यक्रम संचालन गर्ने ।

५) स्थायि शान्ति, दिगोविकास, मानवअधिकार, सामाजिक न्याय, लोकतन्त्र, सुशासन र समावेशिकरणका लागि अधिकारमुखि अभियान संचालन गर्ने ।

६) द्वन्द्व व्यवस्थापन र सामाजिक रुपान्तरण प्रकृयामा जनचेतना अभिवृद्धि गरि सामाजिक मेलमिलाप र शान्ति प्रवर्धन गर्ने ।

७) विभिन्न सरकारी, गैरसरकारी एवं दातृ संस्थाहरु संग समन्वय र साझेदारीमा स्थानिय स्रोतसाधनको परिचालन द्वारा सामाजिक विकासका कार्यहरुमा कृयाशिल रहने ।

**३.संस्थाको मुल्य,मान्यता :-**

१.मानवीय व्यवहार
२.एकता
३.सहभागीता
४.समता

**४.संस्थाको कार्यपद्धती (Working Approuch) :-**

- मानवअधिकारमुखी विकासमा आधारित,
- आवश्यकतामा आधारित लगानी,
- नतिजामुखी र गुणस्तर कार्य संचालन
- पैरवी अभियान
- समन्वय, सहकार्य र साझेदारी ।



**५.संस्थाको कार्य प्रक्रिया (PROCEDURE WORKING):-**

- परिवेश विश्लेषण समस्या पहिचान ।
- समुह, संगठन र संजालीकरण ।
- सहभागीमुलक योजना तर्जुमा ।
- क्षमता विकास सचेतना अभिवृद्धि ।
- अनुगमन तथा मुल्यांकन ।
- समन्वय,सहकार्य ।
- वर्हिगमन योजना निर्माण तथा हस्तान्तरण ।



**६.संस्थाको कार्यक्षेत्र :-**

आर्थिक वर्ष २०७७/०७८मा पनि संस्थाको भौगोलिक कार्यक्षेत्रको रुपमा डोटी जिल्लाको ९ वटा स्थानिय तह अर्न्तगत ४ वटा गाँउपालीका र २ वटा नगरपालीकामा विभिन्न परियोजना र कार्यक्रम संचालन भई रहेका छ ।

**संस्थाको भौगोलिक कार्यक्षेत्र**




**७. संस्थाका सदस्य तथा कर्मचारीको विबरण :-**

| विबरण | जम्मा सदस्य संख्या | महिला | पुरुष | दलित | जनजाती | अन्य |
|---|---|---|---|---|---|---|
| कार्यसमिति | ९ | ४ | ५ | ८ | ० | १ |
| आजिवन सदस्य | १४ | ४ | १० | ७ | ३ | ३ |
| संस्थापक सदस्य | ७ | ० | ७ | ७ | ० | ० |
| साधारण सदस्य | ४८ | २५ | २३ | ४२ | ० | ७ |
| **कुल सदस्य संख्या** | ७८ | ३३ | ४५ | ६४ | ३ | ११ |
| **जम्मा कर्मचारी** | ३३ | १५ | १९ | २१ | ३ | ९ |

**८.** संस्थाको चालु आ.व. २०७७/०७८ मा विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्था लगायत सरकारी निकाय विच समन्वय, सहकार्य र साझेदारीको निरन्तरता संगैं सहयोगी संस्थाको आर्थिक तथा प्राविधिक सहयोगमा निम्न वमोजिमका परियोजना तथा कार्यक्रमको विबरण यस प्रकार रहेको छ ।

| **क.सं.** | **कार्यक्रम तथा परियोजना** | **कार्यवधि** | **सहयोगी संस्था** | **कैफियत** |
|---|---|---|---|---|
| १ | स्थानिय अधिकार कार्यक्रम | jan. 2014 to Dec. 2023 | Actionaid Nepal | |
| २ | द– महिला नेटवर्क परियोजना | Jan.2021to Dec.2023 | Actionaid Nepal | |
| ३ | छाउपडी प्रथाजन्य हानिकारक अभ्यासहरु तोड्नका लागी किशोरी ,महिला तथा युवाहरुको साझा अभियान | June.2019 to July.2021 | Actionaid Nepal | |
| ४ | आपतकालिन प्रतिकार्य परियोजना | April.2020 to june.2021 | Actionaid Nepal | |
| ५ | साकार परियोजना | jan. 2017 to Dec. 2021 | DCA Nepal | |
| ६ | परिवर्तन परियोजना | Feb. 2019 to Feb. 2023 | DCA Nepal /EU | |
| ७ | गिफट परियोजना (बाख्रा पालन) | April 2021 to Dec.2021 | DCA Nepal | |
| ८ | COVID-19 RESPONSE project & DERF Project | April2020to June. 2020 | DCA Nepal | |
| ९ | DERF Project | April.2021 to June.2021 | Actionaid Nepal | |
| १० | महिलाको न्यायमा पहुँच परियोजना | June.2019 to May 2021 | UN-WOMEN /Lacc | |

**९**.संस्थाले परियोजना तथा कार्यक्रम कार्यान्वयन तथा अभियान संचालनमा संगठित रुपले परिचालन गर्दै आएका नागरिक समाज संस्थाहरु :-

| क.स. | नागरिक समाज समुहको नाम | संख्या | आवद्ध घरधुरी संख्या | | | जम्मा घरधुरी | आवद्ध महिला, पुरुष | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | दलित | जनजाती | अन्य | | महिला | पुरुष | |
| १. | कृषि समुह | ३२ | २३३ | ० | ६४० | **८७३** | ८७३ | ८८ | |
| २ | सौय सिंचाई उपभोक्ता | २ | **०** | **०** | **०** | **२१८** | ८३ | २१८ | |
| ३. | सहकारी संस्था | ४ | २९५ | १५ | ८६७ | **११७७** | १११८ | ५९ | |
| ४. | महिला समुह | २३ | ४९६ | ० | २४३ | **७३९** | ७३९ | ० | |
| ५. | रिफलेक्ट सर्कल | २२ | ३७५ | ० | ३४२ | **७१७** | ७१७ | ० | |
| ६. | सुशासन पाठशाला **GGS** | | ४७२ | २३ | ५७६ | **१०७१** | | | |
| ७. | किशोरी समुह | ८ | ० | ० | ० | **१२०** | १२० | ० | |
| ८. | युवा संजाल | १० | १०७ | ० | १२३ | **२३०** | १४३ | ८७ | |
| ९. | महिला अधिकार मञ्च | ८ | ..... | ....... | ...... | **४१८** | ४१८ | ० | |
| १०. | श्रमिक महिला संजाल | ३ | ४७ | ० | ४० | **८७** | ८७ | ० | |
| ११. | भूमि अधिकार मञ्च | १ | १५ | ० | २ | **१७** | ५ | १२ | |
| १२. | बाल कल्व | ७ | ४५ | ० | ७१ | **११६** | ७१ | ४५ | |
| १३. | मेलमिलाप केन्द्र | २५ | ... | .... | .... | | ४१ | ४० | |

**१०. विभिन्न परियोजना तथा कार्यक्रमले सहकार्य गर्दै आएका निकाय तथा संस्थाहरु :**

- ४ गाउपालिका र २ नगरपालिका
- वडा कार्यालय १९ वटा
- न्यायिक समिति ३ वटा
- विद्यालय  ८ वटा ,
- गै.स.स. महासंघ जिल्ला र सुदुरपश्चिम प्रदेश समिति,

## ११. आ.व. २०७७ /०७८ मा संस्थाले संचालन गरेका परियोजना तथा कार्यक्रमका क्षेत्रगत उपलब्धि, परिवर्तन तथा सिकाईहरु :

### (क) संस्थागत विकास :

१. **संस्थाको संस्थागत विकास तथा उपलब्धिहरु :**





- यस अवधिमा संस्थामा थप नयां तथा संशोधन नीतिहरु निर्माण भई कार्यान्वयन हुनु जस्तै : निर्वाचन नीती बातावरण तथा जलवायुसंरक्षण नीति र साझेदारी नीति आदी ।
- संस्थाको बार्षिक साधारण सभा तथा महाधिवेशन गरि नयां कार्यसमितिको चयन, बार्षिक नीति, योजना र कार्यक्रम वमोजिम संस्थाका गतिविधिहरु संचालन संस्थामा परियोजना विकास समिति, अनुगमन तथा मुल्यांकन समिति, खरिद समिति, गुनासो सुनुवाई समितिहरु गठनभई निरन्तर रुपमा कार्य संचालन गर्नु ।
- संस्थाका नीति नियमको अभिमुखीकरण गरिएको छ । सदस्य र कर्मचारीको विभिन्न सहयोगी संस्थाको सहयोगमा १७ जना ले विभिन्न विषय र सवालमा तालिम मार्फत क्षमता अभिवृद्धि भएको ।
- संस्थाको नियमित बैठक, छलफल, समिक्षा बैठक, सामाजिक परिक्षण लगायत फिल्ड अनुगमनका कार्यहरु योजना वमोजिम सम्पन्न हुनु,
- संस्थाको वित्त तथा प्रशासनिक कार्यसुधार, जिन्शी सम्पत्तीको उचित प्रयोग र संरक्षणका लागी निरन्तर भौतिक परिक्षण, आन्तरिक लेखापरिक्षण र बाह्य लेखापरिक्षण गरि सुझावका आधारमा सुधार गरिनु ।
- संस्थागत खर्चलाई न्यूनिकरण गर्ने उपायको अवलम्बन, खर्चको मितव्ययीता गरि संस्थाको आर्थिक भार न्यूनिकरण गरिनु ।



- संस्थाको आर्थिक, भौतिक तथा कार्यक्रम र साझेदारी विकासका लागी विभिन्न निकायमा समन्वय र कार्यक्रम पेश,
- संस्थामा प्रयोगमा नआउने तथा स्टोर मा रहेका जिन्शी सामग्रको लिलाम गरि स्रोत व्यबस्थापनमा सहयोग ।
- संस्थामा नारीवादी नेतृत्व विकासका लागी सदस्य, कर्मचारीको क्षमता अभिवृद्धि तथा नीति नियमको संशोधन र परिमार्जन गरिनु ।

२. **नागरिक समाज संस्थाको संस्थागत प्रवर्द्धन :**

- संस्था वाट संचालित विभिन्न परियोजना अर्न्तगत गठन गरिएका नागरिक समाज संस्था, समुह, संजालहरुको संस्थागत प्रवर्द्धन अर्न्तगत साकार परियोजना मार्फत ४ वटा सहकारी संस्थाको ८ वटा नीति निर्माण, कार्यालय व्यबस्थापनमा सुधार, आर्थिक कारोवारलाई प्रविधिमैत्री वनाउन सपप्टवयर वाट कार्य संचालन हुनु ।
- सहकारी संस्थाले किसानले उत्पादन गरेका बस्तुभाउको वजारका लागी संकलन केन्द्र संचालन गर्नु,



- समुह, संजालका पदाधिकारी, सदस्यहरुको नेतृत्व विकास भई स्थानिय उपभोक्ता समिति, राजैनतिक दल लगायत विभिन्न संगठन, उपभोक्ता समितिमा नेतृत्व लिई व्यत्तिगत र संस्थागत सक्षमता प्रर्दशन गर्दै आएको छन । भने स्थानिय निकाय संग समन्वय र सहकार्य गर्न अग्रसर भएकाछन ।
- महिलाको न्यायमा पहुच सुनिश्चित गर्न रिफ्लेक्ट सर्कल तथा महिला संजालले कार्यालय व्यबस्थापन गरि स्थानिय न्यायिक समिति तथा सरोकारवालाहरु संग समन्वय, सहकार्य गरि पिडीत महिलालाई सहयोग गर्नु ।
- परिवर्तन परियोजना अर्न्तगत सुशासन पाठशालाका महिलाहरुले महिलाका सवाल तथा जिविकोपार्जनका लागी सामुदायिक कार्ययोजना निर्माण गरि स्थानिय तह र प्रदेश सरकारवाट वजेट प्राप्तगरि बाखापालन व्यावसाय संचालन गरेका छन ।
- स्थानिय अधिकार कार्यक्रम अर्न्तगत महिलाअधिकार मञ्च, महिलासमुह, रिफलेक्ट सर्कल, युवासंजाल, किशोरी समुहहरु संगठित रुपमा महिला अधिकार र न्यायका लागी अभियान संचालन गर्नु ।




**(ख) मानवअधिकार, सामाजिक न्यायको अभियान :**

- जातीय छुवाछुतको अन्त्य तथा कानूनी व्यवस्थाको कार्यान्वयनका लागी सरोकारवाला विच जिल्ला स्तरमा जातीय छुवाछुत तथा अन्य सामाजिक भेदभाव (कसुर र सजाय ) ऐन २०६८ वारेमा अभिमुखीकरण तथा वहश संचालन गरि जिल्ला स्थित सरकारी निकाय र स्थानिय तहका प्रमुखले छुवाछुत र भेदभावका विरुद्धका नीति र कार्यक्रम ल्याउने प्रतिबद्धता जनाएका थिए ।,
- जातीय छुवाछुत तथा भेदभाव उन्मुलन तथा न्यायपुर्ण समाज निर्माणका लागी सरोकारवालाहरुको सहभागीतामा ऱ्याली सहीत साझा अभियान संचालन गरियो, करिव पाच सय वराबरको संख्यामा रहेको जुलुस सिलगढी नगरपरिक्रम गरि कोणसभा मार्फत अन्याय र भेदभावका विरुद्धमा संगठित भएको उदघोष गरेका थिए ।





- विभिन्न राजनैतिक दलका प्रमुख, वोगटान फुडसिल गाउपालिकाका अध्यक्ष, श्री कमल गडसिला, दि.सि.न.पा. का नगर उपप्रमुख शिवराज खडका लगायत नागरिक समाजका अगुवाहरुले जातीय छुवाछुत र भेदभावको अन्त्य विना नेपाल समृद्धि हुन नसक्ने भनी नेपाल सरकार र सम्बद्ध निकायले जवाफदेही भई कानूनको कार्यान्वयन गराउन हुन अपिल गर्दै निरन्तर अभियानमा रहने प्रतिबद्धता गरेका थिए ।
- छुवाछुतका पिडीतलाई न्याय दिनका लागी स्थानिय जिल्ला प्रशासन मार्फत प्रधानमन्त्री लाई ज्ञापन पत्र पेश, दलित समुदायको अधिकार, छुवाछुत तथा भेदभावको अन्त्य र सामाजिक जागरण कार्यक्रम ल्याउन ९ वटै पालिकामा सुझाव तथा ज्ञापन पत्र पेश,
- प्रदेश स्तरमा दलित शसक्तिकर विधेयक लाई थप प्रभावकारी वनाउन ९ वुँदे सुझाव पेश गरिएको थियो ।

## (ग) महिला अधिकार तथा नेतृत्व विकास :

- महिला मानवअधिकार तथा लैंगिक समानताका लागी समुदाय र जिल्ला स्तरमा १११ औं अर्न्तरराष्ट्रिय दिबश मनाउर्दै स्थानिय तह र जिल्ला स्तरमा दवावमुलक कार्यक्रम गरि महिलाको न्यायमा पहुच, आर्थिक सशक्तिकरण, नेतृत्व विकास महिलाको अर्थपुर्ण सहभागीता आदी सवाललाई केन्द्रीत गरि स्थानिय सरकार तथा संघयि सरकारलाई ज्ञापन पत्र पेश ।




- स्थानिय सरकारलाई जवाफदेही वनाउन स्थानिय तहमा महिला अधिकार मञ्च, किशोरी समुह, रिफलेक्ट सर्कल र सुशासन पाठशालाका महिलाहरुले दवाबमुलक र्‍याली, जुलुस,सडक नाटक लगातका अभियानहरु संचालन ।
- महिलाहरुले सामुदायिक विकास योजना निर्माण गरि स्थानिय तहमा पेश गर्ने, नेतृत्वको विकास गरि स्थानिय संरचनाहरुमा प्रतिनिधित्व बढीरहेको छ । *( **१७८ जना महिलाहरुको ( दलित महिला ७७ जना) प्रतिनिधित्व रहेको छ जसमा ७१ जना महिलाहरु (२८ जना दलित महिला)** नेतृत्व तहमा प्रतिनिधित्व गरेका छन,*
- रिफलेक्ट सर्कलका महिलाहरुले वडा देखि पालिका सम्म संचालन हुने योजनाहरुमा महिलाहरुको समावेशि प्रतिनिधित्वको सवाललाई उठान गरि पालिकामा दवाव दिन थालेका छन् ।




- रिफलेक्ट सर्कलका महिलाहरुले आफनो वडा तथा पालिकाहरुमा बजेट माग गरि योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिरहेका छन् ( विगत ११ वटा योजना स्वकृति र यस वर्ष २४ वटा योजना पेश गरेका छन् ।)
- महिलाहरु राजनैतिकरुपमा जागृत भई राजनैतिक संगठनमा सदस्य हुन अग्रसरता बढेको छ । कार्यक्षत्रेका ४३ जना महिलाहरु ( २३ जना दलित) विभिन्न राजनैतिक संगठनहरुमा सदस्यता लिएका छन /
- बालविवाह विरुद्धको अभियानले यस अवधिमा शिखर नगरपालिका वडा नं.१ मा एउटा बाल विवाह किशोरी समुहको पहलमा रोकिएको छ ।
- ***शिखर नगरपालिका वडा नं. १ कपल्लेखिकी कुमारी नेपालि ९ कक्षामा अध्ययनरत छिन । यहि वैशाख २ गते जब उनको सानै उमेरमा विवाह गरिदिने घरको निर्णयले उनलाई सारै चिन्ता भयो । उनले किशोरी समुहका सदस्यहरुलाई आफनो बालविवाह रोक्न पहल गरिदिन भनिन र किशोरी समुहले उनको घरपरिवारमा गई बालविवाह नगर्न दवाव दिए । बालविवाह विरुद्धको कानुनी व्यवस्थाका बारेमा सर्तक गराए । किशोरी समुहको दवाव पछि दुवै पक्ष हाल पढाउने र पछि उमेर पुगे पछि विवाह गरिदिने राजि हुदा अहिले कुमारी नियमित स्कुल जाने भएकी छिन् ।***



- महिला समुहमा र नगरपालिका तथा गाउँपालिका, वडाहरुमा महिलाहरुले गर्ने पारिश्रमिक बिनाको सेवामुलक कार्य सम्बन्धि छलफल , अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रम पश्चात महिलाहरुको कामको सम्मान हुनुका साथै घरपरिवारमा कार्यमा पुरुषको सहयोग, वैकल्पिक कार्यमा









संलग्नताले कार्यक्षेत्रका २६६ महिलाहरुको कार्यबोझमा कमि भई उत्पादनमुलक र सामाजिक कार्यमा सहभागिता बढेको छ (श्रीमानले काममा सहयोग, यान्त्रिक सामाग्रीको प्रयोग घरधुरीका पुरुषहरुले घरायँसी काममा महिलालाई सहयोग गर्ने गरेका छन ।जसले गर्दा महिलाहरुको कार्यबोझमा कमी आएको पाइन्छ ।

- साथै के.आई.सिंह.गा.पा. ७ बलरगाउँमा रहेको शिशुस्याहार केन्द्रमा रहेका ३५ जना बालबालिका आमाहरुको कार्यबोझमा कमि आई उनिहरुको सामाजिक कार्य तथा निकायका समुह समितिहरुमा प्रतिनिधित्व बढेको छ ।
- कार्य क्षेत्रका ११ जना दलित र ८ जना अन्य महिलाहरुले खानेपानी, बन तथा बाटोघाटो निमार्ण समितिमा मुख्य पदमा नेत्तृत्व लिदै काम सम्पन्न गरिरहेका छन जसले गर्दा योजनाका कामहरुमा महिला सहभागिता बढनुका साथै ज्यालामा समानता आएको छ ।
- समुहको पहलमा के आई सि गा पा ६ र दि सि न पा ४ का ६० जना महिलाहरुले प्रदेश सरकार र जिल्ला भेटनरीको सहयोगमा बाख्रा, कुखुरा र भैसिपालनको लागि १२ लाख बजेट निकासा गरि व्यवसायमा संलग्न रहेका छन ।
- ३वटा स्थानिय तहका न्यायिक समिति, मेलमिलापकर्ता,वडा सदस्यहरुले हिंसाबाट प्रभावित महिलाहरुलाई लैङ्गिक उत्तरदायी न्यायमा पहुँच र न्याय सम्पादन प्रकृयामा सुधार गर्ने समन्वय तथा सिफारिस संयन्त्रको मजबुतिकरणका लागि ११ बुदे प्रतिबद्धता गरिएको छ ।
- महिलाहरुको कार्यबोझमा कमि ल्याउन दि सि न पा ५ मा खानेपानी, कुटानीपिसानी मिल र शिखर न पा २ मुडेगाउँमा गहुँ चुट्ने थ्रेसरको सहयोग गरिएको थियो जसले गर्दा कार्यक्षेत्रका २५६ घरधुरीका महिलाहरुको कार्यबोझमा कमि आएको छ भने कार्यक्षेका १३ जना द ८ जना महिलाहरुलाई सक्रिय अधिकारकर्मीका रुपमा अगुवाई गरि रहेकाछन ।
- महिला तथा किशोरीहरु माथिहुने हिंसाका बिरुद्ध समुहका महिला, किशोरीहरु सकिय हुदै आफु माथि हुने हिंसाका बिरुद्ध खुलेर आवाज उठाउन सक्नु र कानुनी प्रकिया सम्म पुग्ने कोशिसले न्यायमा पहुच हुन सकेको छ । ( ***न्यायिक समितिमा १३ वटा उजुरी दर्ता भएको र २ वटा मुद्धा प्रहरी वाट कानुनी उपचारका लागी प्रकृयामा गएको छ*** ।)
- महिला तथा किशोरीहरुलाई छाउपढी प्रथामा आधारित संस्कारमा परिवर्तन ल्याउन घरपरिवार, विद्यालय स्तरमा सरसफाई, स्यानेटरी प्याडको प्रयोग सम्बन्धमा छलफल गर्ने वातावरण बनेको छ ।



- बालिका शिक्षा प्रवर्धनमा सहयोग पुग्नका लागि ६ वटा विद्यालय छात्रामैत्री विद्यालय बनेको छ र यसले छात्राको लागि रेस्टरुम व्यवस्थापनले किशोरीहरु नियमितरुपमा प्याडको प्रयोगले सहजरुपमा विद्यालय आउने र नियमितरुपमा कक्षामा उपस्थितीको वातावरण भएको छ ।
- तालिम पाए पछि १५ जना किशोरीहरुले घरमै सेनिटरी प्याड निर्माण गरि आफु र परिवारमा रहेका अन्य महिलाहरुलाई प्रयोग गर्न प्रोसाहित गरेका छन ।
- विद्यालयमा निर्माण गरिएका रेष्टरोम तथा सेनिटरी प्याडको प्रयोग गरे पशचात २९६ छात्राहरु महिनावारी भएको बेलामा नियमित रुपमा विद्यालय आउने गरेका छन ।
- कार्यक्षेत्रमा गरिएका विभिन्न क्रियाकलापहरुमा ९७१५ जना महिला पुरुष, किशोरी, युवा, जनप्रतिनिधि, महिला अधिकार कमी, धामिझाक्री आदीको सक्रिय सहभागिता रहेको छ ।



- अबधिमा मनोपरामर्श सचेतना मुलक अभियानहरु गरिएका थिए जसले सरोकारवाला निकायहरु पनि सक्रिय रहेका छन भने समुदायमा सकारात्मक प्रवाह परेको छ ।
- महिला माथि हुने गरेका हिंसाका घटनाहरु समुहका महिला तथा किशोरीहरुले सके सम्म घरमा नै मिलाउने र ठुलो घटनाहरु चाहि प्रहरी कार्यालयमा उजुरी गर्ने कार्य गरिरहेका छन ।
- यस अबधिमा जिल्लामा १४ वटा महिला हिंसाका घटनाहरु न्यायालयमा पेश गरिएका थिए भने १६ वटा घटनाहरु न्यायिक समितिमा फर्चुट गरिएका थिए ।
- कार्यक्षेत्रका ३६ वटा नागरिक समाज संस्थाहरु आफनै पहल र सहकार्य मार्फत विभिन्न सचेतनामुलक तथा सरकारलाई दवाव सृजना गर्ने खाले कार्यक्रमहरु संचालन गर्न सक्षम हुदै गएका छन । जस्तै हाजीरी जवाफ प्रतियोगिता, वादविवाद कार्यक्रम, काभिड सचेतना, र महिला दिवश तथा १६ दिने लैंगिक हिंसा विरुद्धको दिवशहरुलाई उदाहरणको रुपमा लिन सकिन्छ ।



**(घ) गरिवी न्यूनिकरण : ( आर्थिकसशक्तीकरण, *जिविकोपार्जन, खाद्यसुरक्षा, खाद्यअधिकार* र पोषण,)**

- कृषि समुह, महिला समुह, महिला अधिकार मञ्च तथा रिफलेक्ट सर्कलका महिलाहरु संस्थाको सहजीकरणमा सामुदायिक कार्ययोजना निर्माण गरि केआई सिह, गा. पा. ६ र दि.सि. न. पा.४ का ६० जना महिलाहरुले प्रदेश सरकार र जिल्ला भेटनरीको सहयोगमा बाख्रा, कुखुरा र भैसिपालनको लागि १२ लाख बजेट प्राप्त गरि व्यवसायमा संलग्न रहेका छन ।
- घुम्तिकोष परिचालन, टोकन सर्पोटको माध्यमबाट जिविकोपार्जन व्यवसायमा लगानिले महिलाहरु स्वरोजगारमा संलग्नताले परनिर्भरता घटाएको छ । ( यस अवधिमा ८वटा समुहका महिलाहरुले करिव ८लाख आम्दानी गरेका छन ।

- के.आइं.सिंह गाउपालिका वडन नं.६ भिताडि रिफलेक्ट सर्कलकी सदस्य तुली भुलले घुम्ति कोषबाट रु ५००००, रकम लिई बंगुर तथा कुखुरा पालन फर्म दर्ता गरि बंगुरपालन व्यवसाय शुरु गरिन जसले श्रीमान भारत नगई घरमा स्वरोजगारमा संलग्न भएका छन् र कुखुरा बिक्रीबाट रु ३००००० लाख आम्दानिले आत्मनिर्भर भई जिवन निर्वाह सहज भएको छ ।



- के.आई.सिंह गाउँपालिका वडा नं. ४ दुर्गामाण्डौ लक्ष्मी वि.क ले घुम्तीकोषवाट रु ३० हजार ऋण लिएर संचालन गरेको श्रृंगार पसल, किराना र तरकारी संकलन केन्द्र संचालन गरि रु ३५ हजार आम्दानी गरेकी छिन । आम्दानिबाट केहि रकम वैंकमा वचत गर्न थालेकी छिन् । व्यवसायबाट आम्दानि भएको कारण श्रीमान भारत नगई गाउमा नै व्यवसायमा सहयोग गरिरहेका छन् ।



- सम्पतिमा ***महिलाको स्वामित्व स्थापित गर्न वर्ष १६*** जना जना **महिलाहरुले संयुक्त लालपुर्जा** बनाई सम्पतिमा स्वामित्व स्थापित गरेका छन् ।



- जिविकोपार्जन व्यवसायबाट भएको आम्दानिले ५ जना महिलाहरुले घडेरी जमिन खरिद गरि भुमि माथिको स्वामित्व कायम भएको छ ( सुन्तली पार्कि,दुर्गा कामी र ललिता नेपालि,गीता बोगटी, शारदा बोगटी )
- स्थानिय तहमा महिलाहरुको श्रोतमा पहुचले व्यवसायमा प्रवर्धन भएको छ ।
- आर्थिक सबलीकरणले महिलाहरुमा आत्मविश्वासका साथ निर्णय लिने क्षमताको विकासले सामजिक प्रतिष्ठा बढाएको छ ।



- दलित महिलाहरुको जीवकोपार्जनमा सुधार गर्न शिखर नगरपालिकाबाट समुहका ४ जना दलित महिलाहरुले बंगुर पालन सहयोग प्राप्त गरेका छन
- प्रसुति सेवालाई सहज बनाउन यस अवधिमा ३ वटा स्वास्थ्य केन्द्रका बर्थिङ सेन्टरलाई डेलिभरि बेड सहयोग गरिएको छ । यस सहयोग पश्चात के.आई.सिंह गाउपालिका वडा नं.४ मा ३६ जना, शिखर नगरपालिका वडा नं.१ मा ७ जना र वडा नं.३ मा १ जना गरि ५९ जना महिलाहरु प्रसुति सेवा प्राप्त गरेका छन् ।



- कार्यक्षेत्रमा २१ वटा व्यावस्थीत खोर निर्माण , १४ वटा खोर सुधार गरि बाखा पालन लाई व्यावसायीक रुपमा संचालन गरि रहेका छन ।
- दलित, विपन्न परिवारको जिविकोपार्जनका लागी २०४ बाखा र ५ वटा बोकाको बिमा गरिएको र अधिकारवाला समुदाय विमा कार्यक्रम बारे सचेत भएकाछन । उनिहरु स्थानिय तह र सम्बन्धित निकायमा आफै दावी गर्न सफल भएका छन ।

- बाख्रापालन परियोजनाले कम्तीमा २० जना युवालाई स्थानीय स्तरमा रोजगारी सृजना गरेको छ र यसमा व्यावसायी स्वयंमले पनि व्यावसाय लाई अभिबृद्धि गर्दै लगेका छन ।
- ६० प्रतिशत कृषकहरु परियोजनाको सहयोग विना पनि स्वयंम तरकारी खेती विस्तार गरि रहेका छन् ।
- परियोजनाको कार्यक्रम लाई आत्मसात गर्दै कार्यक्षेत्रमा स्थानीय निकायको लगानी बढेको छ ।
- के.आई. सिह गाउँपालीका वार्ड नं. ७ र ४ आलु पाकेटको रुपमा विकसित हुँदै ।
- के.आई. सिह गाउँपालीकावडा नं. ४ र ७ मा गाउँपालीका बाट क्रमश: ६० र ८० क्यून्टल आलुको विउँ वितरण गरिएको छ ।
- दुर्गादेवि कृषक समुहका सदस्य बासुदेवि बलायर ले १००००० ऋण परिचालन गरि हालसम्म ३ लट कुखुरा बिक्रि बाट १६८०००० आम्दानी गर्न सफल भई किस्ता फिर्ता गर्न सफल भएकी छन । त्यसै गरि समावेशी कृषक समुहका सदस्य विर्मा भुलले हाल सम्म २०००००,आम्दानी गरेकी छन । १० जना कृषक समुहका सदस्यले व्यावसायीक च्याउखेती संचालन गरि रहेका छन् ।
- च्याउ खेती गर्ने व्यावसायीले हाल सम्मा न्यूनतम ८० अधिकतम १९० केजी सम्म च्याउ उत्पादन गरि प्रतिकेजी २०० का दरले स्थानीय बजारमा विक्रि गरि न्युनतम १५००० हजार देखि अधिकतम ३८००० आम्दानि गर्न सफल भएका छन ।
- यस च्याउ खेतीबाट प्रभावित भई दुर्गादेवि समुहका कृषकले थप पोलीहाउसको विकास गरि व्यावसाय विस्तार गरेका छन ।
- विउविजन सहयोग, घुम्तिकोष परिचालन र सिचाई सामाग्री सहयोग पश्चात समुहमा रहेका महिलाहरु तरकारी खेति , किराना पसल ,बाख्रा पालन कसमेटिक पसल लगायत गैरसरकारी कृषि कार्यबाट महिलाहरु मासिक रुपमा ३ हजार देखि ३१ हजारमा सम्म आम्दानी गर्ने गरेका छन । सो आम्दानीबाट महिलाहरु घरखर्च चलाउनु मा सहज भएको छ। मासिक रुपमा विभिन्न लघुवित्तहरुमा बचत गर्ने र आफुलाई गारो सारो परेको बेलामा घुम्तिकोषबाट कम व्याजदरमा ऋण लग्ने गरेकोमा बाहिरको चर्को व्याजदर बाट मुक्त भएका छन ।
- समुहका सानाखाले व्यवसायमा संलग्न महिलाहरुले ८ हजार देखि १८ हजार सम्मको आम्दानी गरेका छन जसले गर्दा उनिहरुलाई घरखर्च चलाउन मदत पुग्नुका साथै आम्दानी बढे संगै श्रीमान , सासुसुराहरुले घरायसि काममा मदत गरेको र महिलाहरु माथि हुने थिचो मिचोमा कमि भएको बताएका छन
- सिलाई कटाई व्यवसायमा संलग्न रहेका समुहका ५ जना दलित र ३ जना अन्य महिलाहरुले कोरोना भाइरसबाट सुरक्षित







रहन घरमा ६०० वटा मास्क तयार गरि बिकी गर्दा रु १८हजार आम्दानी गरि लकडाउनको अवधिमा दैनिक जिवन निर्वाहमा सहज भएको ।



- यस वर्षमा १३ वटा समुहका ४०२ जना सदस्यहरुले मासिक रु ५० का दरले समुहमा वचत गरि रु १ लाख २० हजार ६ सय बराबरको रकम समुह मै लगनी गरि साना व्यवसायमा संलग्न भएका छन् ।
- युवा संजाल तथा किशोरी समुहको पहलमा व्यवसाययिक रुपमा तरकारी तथा फलफुल खेति गर्ने कार्यक्षेत्रका ६२ जना कृषकहरुले आप, लिचि, कागती ,अनार, जुनार ,अमिलो जस्ता बोटबिरुवाहरु कृर्षि ज्ञान केन्द्रबाट प्राप्त गरेका छन भने ।



- वालीमा विविधिकरण ल्याउन सहयोग पुग्ने हुदाँ जलबायु परिवर्तनको समस्या सँग जुझ्न सहज भएको छ ।
- कार्य क्षेत्रमा विभिन्न जातका तरकारीको उत्पादन विस्तारमा सहयोग भएको छ ।
- यसले कृषकहरुको आम्दानीमा सहयोग पुग्नुका साथै कृषकहरु नगदे वाली तर्फ उन्मुख भएका देखिन्छ ।
- कृषकको भनाई अनुसार परम्परगत विउँविजनको प्रयोग भन्दा उन्नत विउँविजनको प्रयोगले थप उत्पादन बृद्धि सहयोग पुगेको छ देखिन्छ ।



- कृषकको आम्दानीमा बृद्धिका साथै बजारको माग पूर्तिमा सहयोग ।
- कार्य क्षेत्रमा विभिन्न जातका तरकारीको उत्पादन विस्तारमा सहयोग भएको छ ।
- स्थानीय निकायले आलु विउँ वितरण गर्दा परियोजनाको पहलमा दर्ता भएका समुहलाई मात्र छनौट गरि आलु वितरण गरेको छ ।



- समुदायमा प्रदान अनुदान घुम्तिकोष परिचालन गरि ७ जना समुह सदस्यले कुखुरापालन व्यावसाय संचालन गरि स्वरोजगार भएका छन् ।
- सहकारी लाई कागजी अभिलेखिकरण बाट डिजिटल अभिलेखिकरणमा रुपान्तरण गर्न सहयोग पुगीरहेको छ ।
- प्रविधिको प्रयोगले सहकारीको हिसाब किताब चुस्त दुरुस्त रहने हुँदा समुदायमा सहकारीप्रतिको विश्वास बढदैजानेछ ।
- प्रत्येक सहकारीलाई रु. ५१२००० का दरले व्यावसाय संचालन गर्न अनुदान रकम सहयोग ।
- सहकारीले वित्तिय सेवाप्रवाह गर्न सफल भए पछि सहकारी संस्था एउटा सेवा प्रदायकको रुपमा विकसित हुदै छन ।
- हाल सम्म १३ जना युवा लाई उत्पादन मुलक कार्यमा सहुलियत पूर्ण ऋण परिचालन गरेका छन ।
- सहकारीमा विउँपुजीको स्थापना हुँदा सहकारीले नयाँ नयाँ व्यावसायको योजना निमार्ण गरिरहेका छन ।

- ४०० घरपरिवारलाई ४०० वटा प्याकेट तरकारीको विउ वितरण गरियो र ४०० घरपरिवारले परियोजना क्षेत्रमा आ-आफ्नो घरबगैचामा व्यावस्थापन गरेका छन ।
- १३ जना अगवा कृषकहरुले २६ रोपनीमा अर्गानिक कृषि खेती शुरु गरेका छन् ।
- ४०० घरपरिवारलाई ४०० वटा प्याकेट तरकारीको विउ वितरण गरियो र ४०० घरपरिवारले परियोजना क्षेत्रमा आ-आफ्नो घरबगैचामा व्यावस्थापन गरे ।
- सहकारी संस्थाहरुमा लागत साझेदारीको आधारमा प्राविधिक सहायक/बजार प्रबर्धक परिचालन गरिएको र उनीहरुले संस्थाको व्यवसथापन साथ साथै कार्य प्रणालीमा सहयोग गरिरहेका छन् ।



- कृषकको आम्दानीमा बृद्धिका साथै बजारको माग पूर्तिमा सहयोग ।
- तेस्रो पक्ष सहयोगबाट जोरायल गाउँपालिका वडा नं ४ का २९ घरधुरीले बाखापालन कार्यक्रम शुरु गरेका छन । आफनो करिव २५ हजार सम्मको लगानीमा खोर निर्माण गरि खरिद प्रक्रियाबाट ११७ वटा बाखा खरिद गरेर वितरण गरेका २९ घरधुरी संग अहिले १२७ वटा बाखा २७ वटा पाठा र ४१ वटा पाठी रहेका छन ।

- जोरायल गाउँपालिका वडा नं ४ मा तेस्रो पक्ष सहयोग अन्तरगत संचालन गरेको बाखापालन देखी अन्य वडाका नागरिक समाज संस्थाहरुले पनि वाखापालनका लागि यसवर्ष १० वटा सामुदायिक कार्ययोजना पेश गरेका छन ।

- परिवर्तन परियोजनामा आवद्ध नागरिक समाज संस्थाका सदस्यहरु स्थानिय तहबाट प्रदान गर्ने अनुदान तथा सिपमुलक कायक्रममा समेत सहभागि भई लाभ प्राप्त गर्न सफल भएका छन । जस्तै, के.आई.सिंहका ६ जना महिलाहरुले सिलाई कटाई तालिम प्राप्त गरेका छन भने के.आई.सिंहकै वडा नं. ५, ६, ७का ४३ जना सदस्यहरुले प्रदेशको सहयोगमा वडाबाट २/२ वटा बाखा प्राप्त गरि आयआर्जन कार्यमा संलग्न भएका छन ।

- यसैगरि दलित जनजाती कृषक समुह जोरायल वडा नं. १ का सदस्यहरुले सुशासन पाठशालामा बचत तथा ऋण परिचालनको अभ्यास शुरु गरेका छन । नरमदा घर्तिमगरले समुहबाट १७ हजार ऋणलिई हाल उनले तरकारी खेती शुरु गरेकी छिन ।

## (ङ) सुशासन प्रवर्द्धन, जवाफदेहीता र पारर्दिता :

- ४ जना स्थानिय महिला जनप्रतिनिधि सहित नागरिक समाज संस्थाका २६३४ मध्ये ४२.९७ % महिलाहरुमा सुशासन पाठशालाका माध्यमबाट नेपालको संविधान अन्तरगत तिनतहको सरकार, सुशासनका सवाल र नागरिक शिक्षाका विषयमा ज्ञान अभिबृद्धि हुदै गएको छ ।
- सुशासन पाठशालामा अध्ययन गरिरहेका ३६ वटा नागरिक समाजसंस्थाका १०७८ दलित, सिमान्तकृत महिला सदस्यहरु मध्ये मध्ये ४८० अर्थात ४४.५२% सदस्यहरुले स्थानिय सरकारको संरचना, भूमिका, जनप्रतिनिधिको भूमिका, योजना तर्जुमा प्रक्रियाका सात चरण, मौलिक हक, दलित र महिलाको हक अधिकार, सरकारले प्रदान गर्ने सार्वजनिक सेवा र यसको प्रक्रियाका वारेमा सहजै रुपमा बताउन सक्छन ।
- स्थानिय सरकारबाट प्राप्त हुने सार्वजनि सेवा, स्रोत परिचालन र अन्य सेवासुविधामा सिमान्तकृत तथा दलित महिलाहरुको पहुँचवृद्धि हुदै गएको पाईन्छ ।





- जस्तै ५१ जना महिला नेतृत्वले स्थानिय र प्रदेश सरकारको सहयोगमा करिव ३ करोड भन्दा माथिको वजेट वरावरको विकास निर्माण योजनाको कार्य सम्पन्न गरेका छन । यसै गरि १३४ जनाले पञ्जीकरण सेवा प्राप्त गरे जसमा ५० प्रतिशत दलित, ७८.३६ प्रतिशत महिला र १३.४३ प्रतिशत जनजातीहरु रहेका छन । ६५७ बृद्धबृद्धा, एकल महिला र वालवालिकाहरुले सामाजिक सुरक्षा भत्ता प्राप्त गरे, जसमा ५४.९५ प्रतिशत दलित, ५४ प्रतिशत महिला र १.०६ प्रतिशत जनजातीहरु रहेका छन । यसैगरि कोभिड विरुद्ध सुशासन पाठशालाका ४६० जना महिलाहरुको संलग्नता, सचेतना अभिबृद्धि र सहजीकरण पश्चात समुदायका १३०४ जना बृद्धबृद्धाहरु मध्ये ३७.५० प्रतिशत दलित, ५४.६० प्रतिशत महिला र १०.३५ प्रतिशत जनजातीहरुले पहिलो र दोस्रो खोप सेवा प्राप्त गरेका छन
- ३६ वटा नागरिक समाज संस्था सामुदायिक कार्ययोजना निर्माण गर्न र स्थानिय सकारबाट स्रोत प्राप्त गर्न सक्षम हुदै गएका छन । यसवर्ष उनिहरुले ३४ वटा सामुदायिक कार्ययोजना निर्माण गरि वाडै तथा पालिकामा पेश गरेका छन जसमा ६ वटा पास भैसकेको अवस्था छ ।



- योजना निर्माणमा गतवर्ष भन्दा यसवर्ष नागरिक समाज संस्थाको सहभागिताको संख्यामा बृद्धि भएको छ । १६४९ महिलाहरु यसवर्षको वडा स्तरिय योजना तर्जुमा बैठकमा सहभागि भएका थिए र योजनाहरु पेश गरेका थिए ।
- ३६ वटा नागरिक समाज संस्था सामुदायिक कार्ययोजना निर्माण गर्न र स्थानिय सकारबाट स्रोत प्राप्त गर्न सक्षम हुदै गएका छन । यसवर्ष उनिहरुले ३४ वटा सामुदायिक कार्ययोजना निर्माण गरि वाडै तथा पालिकामा पेश गरेका छन जसमा ६ वटा पास भैसकेको अवस्था छ ।
- योजना निर्माणमा गतवर्ष भन्दा यसवर्ष नागरिक समाज संस्थाको सहभागिताको संख्यामा बृद्धि भएको छ । १६४९ महिलाहरु यसवर्षको वडा स्तरिय योजना तर्जुमा बैठकमा सहभागि भएका थिए र योजनाहरु पेश गरेका थिए ।
- परिवर्तन परियोजना अन्तरगत तेस्रोपक्ष सहयोग कार्याक्रम कार्यान्वयनकालागि पालिकाहरुसंग वलियो सम्बन्ध स्थापित भई सहकार्यको वातावरण सृजना भएको छ । यसैगरि विधुतिय सुशासन प्रविधि निर्माण र सामुदायिक सूचना केन्द्र स्थापनामा पनि जोरायल, के.आई.सिंह गाउँपालिका र शिखर नगरपालिकासंग सहकार्य गरिएको छ ।
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति तिनवटै पालिकाहरुमा कार्यान्वयनमा आएको छ । यसको आधारमा पालिकाहरुले दलित, महिला तथा सिमान्तकृत लक्षित कार्यक्रमहरु आफनो नीति तथा कार्यक्रममा सम्बोधन गरेको पाईयो ।
- तिनै पालिकामा विधुतिय सुशासन प्रविधि औपचारिक रुपमा हस्तान्तरण भै सिस्टमलाई पालिकाहरुले अनन्वत्व ग्रहण गरेका छन ।
- तिनै पालिकामा नीतिगत छलफल बहस र अनुभव आदान प्रदान गर्न बहुसरोकारवाला मञ्चहरु क्रियाशिल भएका छन ।
- **अन्य :** ***तीनवटा पालिकाको न्यायिक समितीमा दर्ता भएका ८७ महिला हिंसाका मुद्धाहरु मध्ये ७७ वटा फछर्यौट भएका छन भने १० वटा मुद्धा मात्र जिल्लामा दर्ता गरिएका छन । महिला अधिकार मञ्चले शिखरमा एउटा वालविवाह रोक्न सफल भएको छ भने के.आइंसिंहमा महिला अधिकार मञ्चको पहलमा बहुविवाहको मुद्धा दर्ता गरिएको छ । सुशासन पाठशालाको पहल र वडाको सहयोगमा के.आई.सिंह ५ मा मदिरा निषेध गरिएको छ । मदिरा निषेध क्षेत्रमा महिला हिंसा न्यूनिकरण भएको पाईन्छ ।***

## १२. वालप्रायोजन  कार्यक्रम :







- कार्यक्षेत्रका ११९७ जना वालवालिकाहरु मध्ये ११४८ जना वालवालिकाहरुको वाल सन्देश संकलन गरिएको छ । जस मध्ये १४ जना वालवालिकाहरु आमा बुवा संगै भारत गएका थिए भने ३५ जना वालवालिकाहरु वढाईको सिलसिलामा कार्यक्षेत्र भन्दा बाहिरगएका छन ।
- ११९७ जना वालवालिकाहरु मध्ये १९ जना लाई सपोटर बाट गिफ्हरु प्राप्त र  वितरण गरिएको छ ।
- यस अवधिमा ९० जान वालवालिकाहरुलाई झोला तथा स्टेशनरी वितरण गरिएको थियो जसमा ३४  जना प्रायोजित वालवालिकाहरु रहेका छन ।

**संस्थाको कार्यगत विविध क्षेत्र :**

## १३. जलवायु अनुकुलन :

- कम्पोजीट किट को वितरण ले समुदायको पोषण सुरक्षामा सहयोग पुगेको छ ।
- वालीमा विविधिकरण ल्याउन सहयोग पुग्ने हुदाँ जलबायु परिवर्तनको समस्या सँग जुझ्न सहज भएको छ ।
- कार्य क्षेत्रमा विभिन्न  जातका तरकारीको उत्पादन विस्तारमा सहयोग भएको छ ।
- ३ वटा सामुदायिक रिचार्ज पोखरीको निमार्ण भएको हुँदा यस्ले भविष्यमा आफ्नु क्षेत्रमा चिस्यानको मात्रा बढाउन सहयोग गर्नेछ ।





- रिचार्ज पोखरी निमार्ण कार्य काम का लागि नगद मा आधारित अवधारणाका आधारमा संचालन भएकोले समुदायमा ८० जनाले प्रत्यक्ष रुपमा अल्पकालीन रोजगारी पाएका थिए ।
- सामुदायिक रिचार्ज पोखरीको बहुउपयोग मार्फत फाईदा लिन सकिन्छ ।
- गरीब तथा सिमान्तकृत समुदायको स्वस्थ्य खानेपानीमा पहुँच भएको छ ।
- खानेपानी फिल्टर सहयोगले समुदायलाई वर्षातजन्य रोगबाट बच्न सहयोग भएको छ ।
- समुदायमा स्वच्छ खानेपानीको महत्व बारे जनचेतना विकास भएको छ ।
- १३ जना अगुवा कृषकहरुले खडेरीमा पनि २६ रोपनी जमिनमा सिचाई गरि पोलिहाउसमा बेमौशमी तरकारी खेती गरेका छन् ।
- प्रयावरणीय कृषि अभ्यासले फोहोरमैला व्यवस्थापनमा सहयोग पुऱ्याएको छ ।

## १४. विपद् जोखिम व्यबस्थापन, कोभिड १९ को प्रतिकार्य तथा मानविय साहयता :

- कोभिड महामारीको प्रतिकार्य तथा असमान्य अबस्थामा संस्थाका कर्मचारी र सदस्यको परिचालन गरि जिल्लाको कोभिडको रोकथाम र नियन्त्रणमा सहजीकरण र परिचालन ,
- स्थानिय तह DDMCC, संगको समन्वयमा जिल्लामा कोभिड प्रतिकार्यका लागी सहकार्य जिल्ला अस्पतालको आईसुलेशन, ४ वटा स्थानिय तहको आईसुलेशसनमा स्वास्थ्य सामग्री, सरजीकल सामग्री, उपकरण, अक्सीजन सिलिण्डर लगायत का सामग्री वितरण ।
- कोभिडका विरामी तथा होम आईसुलेशनमा वसेका मानिसहरुलाई बाच्न बचाउन **१२२० घरधुरीलाई कोभिड हाईजिङ किट** वितरण गरिएको छ ।
- कोभिड संक्रमण भई जिल्ला अस्पतालको आईसुलेशनमा उपचारमा रहेका विरामी र उनका कुरुवाहरुलाई (करिव १५ देखी ३० जना ) २१ दिन सम्म खाजा, र खानाको व्यबस्थापन गरि राहत पुऱ्याएको ।
- कोभिड-१९ को दास्रो लहरको प्रतिकार्यको लागि स्वास्थ्य र सरसफाईका सावुन, सेनिटाईजर, माक्स, हातधुने स्टेशन निर्माण, सामाग्रीमा सहयोग गरिएको ।
- नागरिक समाज संस्था, समुह, संजालका सदस्यहरुले स्थानिय तहमा कोभिड विरुद्धको अभियानमा संलग्न भई कोभिड रोकथाम र नियन्त्रणमा योगदान पुऱ्याएको ।
- घरमा आम्दानीका स्रोतहरुमा पहुच र आत्मनिर्भरताले महिलाहरु माथि हुने हिंसामा कमि आएको छ ।





- कोभिडको माहामारीबाट सुरक्षित रहन किशोरी समुह , युवा संजाल, महिला समुहद्धारा सचेतना मुलक अभियानहरु संचालन भईरहेका छन भने यसै गरि छाउपडि प्रथा , महिला हिंसा , बालविवाहमा कमि ल्याउनको लागि पनि यो पटक कार्यक्षेत्रमा सामाजिक दुरी कायम गर्दै घरदैलो अभियान गर्ने मास्क लगाउने तरिका , हात धुने तरिका सिकाउने र कोभिड संक्रमितहरुको आत्मबल बढाउन सहजिकरण गर्ने कार्यमा निरन्तरता नै रहेको छ जसले गर्दा समुदायमा कोभिड संक्रमितको संख्या घटदो अवस्थामा रहेको छ भने हिंसाका घटनाहरु केहि हद सम्म कमि आएको पाइन्छ ।
- यसका साथै यो अबधिमा बालविवाहका घटनाहरु नघटेको दि सि न पा ७ मा प्रहरी र म.अ.म.को सहयोगमा हुन लागेको १ वटा बालबिवाह रोकिएको छ ।
- किशोरी तथा युवा संजालका सदस्यहरुको पहलमा शिखर न. पा. र के. आई. सिहं गा. पा. ले ६७ घरधुरीका विपन्न परिवारमा पोषण युक्त खाद्य सामाग्री बितरण गरेको छ र दि सि न पा, शिखर न पा मा १७ जना भारतबाट आएका



नेपालीहरुलाई  समुदायको बिद्यालयमा क्वारेन्टाइनको व्यवस्था गरिएको थिया



- कार्यक्षेत्रका कोभिडबाट बच्ने खोपको लागि २३४ जना व्यक्तिहरुको अनलाईन फाराम भरिएको छ भने १२ जना पुरुष र ८ जना समुहका महिलाहरुले खोप प्राप्त गरेका छन ।
- कोभिड १९ बाट प्रभावित समुहका दलित तथा अन्य महिलाहरुलाई गरिएको आर्थिक सहयोग पश्चात ७ जना ( ५ जना दलित र २ जना अन्य)  महिलाहरुले कुखुरा तथा बाखा पालन व्यवसायबाट ४८ हजार बराबरको आम्दानी गरि जीवन निर्वाहमा सहज भएको छ । यसले महिलाहरुको आत्मनिर्भरता, स्वतन्त्रता बढनुका साथै आर्थिक कारोवारोमा समेत उनिहरुको नियन्त्रण बृद्धिहुदै गएको छ ।



- कोभिडका कारण विद्यालय बन्द भएको र बालबालिका शिक्षाक्षेत्र प्रभावित भएकाले ११ विटा विद्यालयलाई कोभिड हाईकिट, शौचालय व्यबस्थापन सामग्री, शुद्ध पिउनेपानीको व्यबस्था र हातधुने स्टेशन निर्माण गरि सहयोग गरिएको ।
- किशोरी समुह र युवा संजालका गरि १८० जना युवाहरुले हातधुने अभ्यास सहीत माक्सको प्रयोग, भौतिक दुरी कायम गर्ने वारेमा घरदईलो गरि सचेतना अभिवृद्धि गर्दै कोभिड बाट सर्वसाधारण लाई बचाउन भूमिका निर्वाह गरेका छन ।



- **तालिमको प्रभाव** : पहिले आफुले पनि चरण बद्ध रुपमा हात नधुने, साबुन पानि ले मिचिमिची हात धुने बानि नभएको तर युवा संजाल मा आबद्ध भइसकेपछि हात धुने, शौचालय को सरसफाई, सेनीटाईजर को प्रयोग र मास्क को उचित प्रयोग को  बारेमा तालिम पाए पछि सिकेका कुरा हरु लाई आफुले  र आफ्नो परिवार लाई पनि सोहि अनुसार आफ्नो बेबहार मा परिवर्तन गराउन सफल भएको छु र यसका साथ साथै समुदायका बेक्ती हरुलाई पनि घरमै गएर आफुले तालिम मा सिकेका कुराहरुलाई  बेबहारमा लागु गर्न सल्लाह सुझाब दिने बानि को बिकाश भएको छ। ***नरु पार्की, युवा संजाल***



- युवा स्वोयमसेवकहरु घरदैलो गर्दै प्रत्येक घरका बेक्तीहरुलाई प्रत्यक्ष रूपमा हात धुने चरणहरु, कोरोना रोग सम्बन्धि जनचेतना र शौचालय को सरसफाई, प्रयोग कसरि गर्ने भन्ने कुरामा समुदायमा परिचालन भइराखेका छन ।
- युवा संजालका सदस्यहरुले समुदाय स्तरमा घरदैलो अभियान गरि परिवारका सदस्यहरुलाई शौचालय सरसफाई,  प्रयोग तथा हात धुने अभ्यास वारे जानकारी गराएका छन ।
- समुदायका व्यक्ति र परिवारले शौचालयको प्रयोग, सरसफाई र हातधुने सिपलाई आत्मासात गरेका छन ।
- युवा स्वयम्सेवकहरु द्वारा प्रत्यक्ष  मानिसहरुलाई भेटेको संख्या: १६६०
- युवा स्वयंसेवकहरू द्वारा आयोजित हात धुने सिमुलेशन अभ्यासको संख्या: ४०

## १५. समन्वय, सहकार्य र साझेदारी :

- स्थानिय तहको समन्वय र छलफलका आधारमा विभिन्न परियोजनाको निर्माण, कार्यान्वयनमा सहकार्य अभिवृद्धि गरिएको छ । शाख गरि दि.सि.न.पा., शिखर न.पा., केआई सिंह, पुर्विचौकी र जोरायल गाउपालिकाका प्रमुख,उपप्रमुख लगायत कर्मचारीको छलफलमा परियोजना अर्न्तगत पालिकाको योजना र वजेटमा सहकार्य गरि सोलार सिंचाई आयोजना, **वाखापालन, छाउपडी विरुद्धको अभियान, शिशु स्यारकेन्द्र** निर्माण, समुहमा गरिने लगानीमा सहकार्य प्रवर्द्धन भएको छ ।



- सामाजिक सुरक्षाकोषमा आवद्धतता का लागी समाजकल्याण परिषद संगको बैठक र छलफलमा सहभागी भई सामाजिक सुरक्षाकोष कार्य संचालन ,
- संस्थाले गैरसरकारी संस्था महासंगमा आवद्ध भई, प्रदेश सरकार आन्तकि मामिला कानून मन्त्रालयको समन्वयमा गैरसरकारी संस्था परचालन ऐनका वारेमा छलफलमा सहभागी आवश्यक सुझाव पेश ।



- प्रदेश सरकार सामाजिक विकासमन्त्रालय को आयोजनामा गरिएको छलफलमा सहभागी भई दलित शसक्तीकरण विदेयक वारेमा छलफल तथा ९ वुदे सुझाव पेश ।
- गैरसरकारी संस्था महासंग केन्द्र र प्रदेश समितिको समन्वय र समाजकल्याण परिषदको सहकार्यमा कोभिड प्रतिकार्यमा गरेको योगदान तथा प्रगतिको वारेमा छलफल, समन्वय र प्रतिवेदन पेश ।
- दिगो विकास लक्ष्यको कार्यान्वयन र प्रगतिको सम्वन्धमा गैससमहासंघ प्रदेशसमिति अर्न्तगत छलफल र सहभागीता ।
- संस्थाले संचालित परियोजनाको प्रभावकारीताका लागी परियोजनाको अनुमोदन, स्वीकृति गराई पालिका स्तरमा कार्य संचालन गर्दै आएको छ ।
- स्थानिय तहको समन्वय र सहकार्यमा छाउपडी विरुद्धको कार्यविधि, लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति, गैरसरकारी संस्था परिचालन कार्यविधि, स्थानिय तहको उपसमितिको कार्यविधि निर्माणमा सहजीकरण गरि नीति निर्माण गरियो ।




- कोभिड १९ को रोकथाम तथा नियन्त्रणका लागी निरन्तर छलफल,अवस्थाको पहिचान, प्रतिकार्य कार्यमा सहकार्य ।
- के.आई.सिंह गाउपालिका वडा नं.४ वडा कार्यालयमा समन्वय गरि महिलाअधिकार मञ्च तथा रिफलेक्ट सर्कलका महिलाको नेतृत्व र पहलमा रु. १२०००००। पोखरी र ग्रामणि सडक निर्माण र वडा नं.१ र २ मा महिला नेतृत्वमा रु. १३०००००। बाटो र मन्दिर निर्माण,
- स्थानिय तहको संयुक्त अनुगमन तथा मुल्यांकन, परियोजना निमार्णमा सहकार्य हुदै आएको छ ।
- जोरायल गाउँपालिका भानाकोटका ३२ घरधुरीले खानेपानीको सुविधा प्राप्त गरेका छन । दलित जनजाती कृषक समुहले खानेपानीको लागि पालिका र प्रदेशमा सामुदायिक कार्ययोजना पेश गरे पछि प्रदेशमा पहल रु. २० लाखको योजना पास गराउन सफल भए ।

## १६. आई परेका समस्या तथा चुनौति :

- आन्तरिक स्रोत व्यबस्थापन हुन नसक्दा संरचनागत कार्य गर्न सकिएको छैन ( कार्यक्रम र वित्त )
- संस्थाको संचालित कार्यक्रम फेजवाउट हुने र नयां संभावना नदेखिनु ।
- आन्तरिक समन्वय र जिम्मेवारी बाँडफाँड गरिए पनि भूमिकामा कमी,
- पदाधिकारी तथा सदस्यको पदिय जिम्मेवारी वमोजिम समय र ज्ञान, सिपको कमीका कारण अभियान्ताका रुपमा परिचालन हुन नस्कनु
- विभिन्न राजनैतिक दृष्टिकोण तथा पहुचको कमीले नयां परियोजना प्राप्तीमा कठिनाई देखिनु ।
- कोभिड १९का कारण २०२० र २०२१मा योजना मुताविक क्रियाकलाप सम्पन्न नहुनु । नागरिक समाज संस्थाको बैठक, समुदाय परिचालन, फिल्ड अनुगमन लगायतका कार्यहरु अवरुद्ध हुनु ।
- समुहको वित्तिय निकायमा सम्पर्क, समन्वय र पहुँच को अभाव रहेको छ ।
- परियोजनाका असल अभ्यास लाई स्थानीय निकायले अझै अनुशरण गर्न नसक्नु ।
- व्यावसायीक तरकारी खेतीमा नयाँ पुस्ताको अभाव, जलवायु परिवर्तनको प्रतिकुल प्रभाव
- स्थानीय निकायमा दीर्घकालीन, अन्पकालीन कृषि विकास योजनाको अभाव
- वर्षभरी सिचाई सुविधाको अभाव, वर्षभरी बजारको माँग अनुसार उत्पादनको अभाव
- स्थानीय स्तरमा भण्डारणको प्रविधि विकास नहुँदा मौषम अनुसार उत्पानदनको परिपूर्तिमा अभाव
- कार्यक्षेत्रमा अन्तर संस्था कर्मचारी विच समन्वय, सहकार्य को अभाव
- स्थानीय स्तरमा महिलाहरु आफना अभिव्यक्तिहरु, सवालहरु खुलेर व्यक्त गर्ने भएपनी आवस्यक कानूनी उपचारको प्रक्रियामा जान परिवार, समाजको डर र इज्जत प्रतिष्ठाका कारण देखाई पिडित प्रहरी र न्यायिक निकायमा जान्न नमान्नु ।
- कोरोना भाइरस महामारीको लकडाउन, सिल जस्ता कार्यहरु वाट प्रत्यक्ष रुपमा महिलाहरुमा कार्यबोझ बढनु र महिला हिंसाका घटना बढ्दै जानु ।

## १७. सिकाई :

- स्थानिय तहमा महिला विरुद्ध हिंसा न्युनीकरणको लागि समन्वयात्मकरुपमा काम गर्न रणनीतिक र कार्यनीतिक योजना तर्जुमा गर्नु पर्ने जसले महिलाहरु विरुद्ध हिंसामा कमी ल्याउन सहयोग पुग्ने छ ।
- विद्यालय स्तरमा छाउपढी प्रथामा आधारित संस्कारहरुमा परिवर्तन ल्याउन ,विद्यालय स्तरमा गतिविधि कार्यान्वयन र सहजीकरणले बालिकाशिक्षा प्रवर्धनमा सहयोग पुग्न सक्ने र छात्रामैत्री विद्यालय उन्मुख गराउन सकिने छ ।
- स्थानिय समुदायको चाहना र आवश्यकता अनुसार सिप र क्षमता अभिवृद्धि गर्दै सिप, प्रविधि र लगानि गर्न सकिएमा आर्थिक रुपमा महिलाहरु आत्मनिर्भर हुन सक्छन जसले हिंसामा पनि कमी ल्याउन सकिन्छ ।
- दलित विपन्न र जोखिममा रहेका महिला तथा समुदायको क्षमता अभिवृद्धि गरि उनिहरुकै सहभागीता, संलग्नता र नेतृत्वमा सामुदायिक योजना तर्जुमा निर्माण गरि सम्बन्धित निकायमा पेश गरि स्रोत उपलब्ध हुन सक्ने र जिविकोपार्जनमा सहयोग पुग्ने ।



- परियोजना अर्न्तगत संचालित क्रियाकलापमा अगुवा कृषकको आम्दानी खर्चको अभिलेखिकरण राख्ने अभ्यास गर्दा व्यावसायीलाई नाफा नोक्सानको अवस्था हेर्न सहज भएको छ ।
- कोभिड १९ को प्रभावमा परेर दैनिक गुजरा गर्न समेत गाहो भएका समुदायका लक्षित घरधुरीहरुको पहिचान गरेर स्थानिय तहलाई त्यस प्रति जवाफदेहि बनाउनमा समन्वय र सहकार्य गर्न सकेमा पिडीतहरुलाई राहत पुग्ने देखिन्छ ।
- विद्युतिय सुशासन प्रणाली मार्फत आम नागरिकको स्थानिय तहको सेवा सुविधामा पहूंच वढाउनका लागी नगरपालिका संग

समन्वय र सहकार्य गरि इन्टरनेटको व्यबस्थापन गर्दा प्रविधिको प्रयोग भई जनताले सेवा प्राप्त गर्नसकिने ।



- २. कोभिड महामारीका कारण भौतिक रुपमा छलफल, क्षमता अभिवृद्धिका कार्य गर्न कठिन हुने भएकाले रेडियो कार्यक्रम तथा प्रकाशन लगायत दुरशिक्षाका माध्याम वाट नागरिक समाज संस्थाका महिला पुरुषहरुको सचेतना गर्न सकिने ।
- ३. कोभिड महामारी तथा लगडाउनका समयमा महिला हिंसाको रोकथाम र कानूनी सचेतनाका गरि महिलाहिंसा तथा लैंगिक हिंसाको न्यूनिकरण गर्न सकिने ।
- परियोजनाको कृयाकलाप संचालन गर्दा जवाफदेहिता बोर्डको प्रयोग, गुनासो संकलन र संबोधनले समुदाय र सरोकारवालाको विश्वसनीयता स्थापीत हुने र कार्यक्रमको दिगोपनामा योगदान पुग्न सक्छ ।
- लैंगिक उत्तरदायि न्यायलाई परिवार, समाजमा स्थापित गराउनका लागी जोडी समुह (श्रीमान, श्रीमती, सासु, सशुरा) को सहभागीतामा अर्न्तक्रिया, अनुभव आदान प्रदान, गर्न सकेमा महिलाकोन्यायका सवालमा सुधार गर्न सकिने ।



## **१८. असल अभ्यासहरु** :

- मानवीय प्रतिकार्यमा किशोरी समुहका सदस्य, युवास्वयंसेवक, महिलाअधिकार मंच,रिफलेक्ट सर्कलका महिलाहरुको अगुवाई र परिचालन गरि समुदायमा राहत वितरण गरिनु ।
- छाउपडि प्रथाको विभेदलाई कमी गर्न समुदाय स्तरका लागि छाउपडि निगरानी समुह निर्माण गरिएको छ ।



- छाउपडी प्रथा विरुद्धको अभियान अन्यायपुर्ण व्यबहारको अन्त्यका लागी स्थानिय जनप्रतिनिधि लगायत अन्य पुरुषहरु सहीतको समुदायमा अनुगमन, छलफल गरियो ।
- स्थानिय तह, विषयगत निकाय संग समन्वय र स्रोतमा सहकार्य गरि स्थानिय लघुउद्यम व्यवसायको प्रवर्धन गरिनु ।
- अधिकिारवाला समुदाय लाई योजना, लगानी र खर्चको सार्वजनिक गरि आर्थिक पारर्दितालाई कायम गरिनु ।
- कोभिड संक्रिमित विरामी र कुरुवाहरुलाई जिल्ला हस्पतालको सहकार्यमा तेस्रोपक्षयि सम्झौताका आधारमा खाना, खाजाको व्यबस्थापन गरिनु ।
- कोभिड महामारीका समयमा संस्थाका नियमित कार्य संचालनका लागी कर्मचारी सुरक्षा तथा कार्यसंचालन कार्यविधि निर्माण, अभिमुखीकरण गरि मादण्डको पालनाा गरि स्वास्थ्य सामग्री वितरण, संस्थाको भरच्यूल प्रविधिको विकास गरि बैठक, छलफल संचालन ।

- **सामुदायिक सूचना केन्द्र मार्फत शिखर न.पा.मा अभिमत संकलनको अभ्यास (Exit pole) :**
- पछिल्ला दुई महिना (मे, जुन) को रेकर्ड अनुसार, २१6 नागरिक नगरपालिकाले प्रदान गरेको सेवाबाट सन्तुष्ट छन्।
- यसले जनप्रतिनिधि र नगरपालिकाका कर्मचारीहरुलाई नागरिकको उत्तरदायित्वप्रति संवेदनशील बनाएको देखिन्छ।
- बहिरगमन विधिले धेरै जसो नागरिकहरु कर बुझाउन र विल भुक्तानीका लागि नगरपालिकामा आउने गरेको पाईयो । अझैंपनि सिमान्तकृत समुदायका नागरिकहरुको नगरपालिकामा कमै पहुँच भएको देखिएको छ ।

**समुहको संस्थागत र ब्यक्तिगत विवरण तयारः**

- परियोजनामा आवद्ध ३६ वटा नागरिक समाज संस्था र २५०९ जना सदस्यहरुको ब्इक्तिगत र संस्थागत प्राफायल तयार गरि अभिलेख राखीएको छ ।
- ब्यबस्थित रुपमा अभिलेख राख्न र उनिहरुको पहिलेको अवस्थामा आएको परिवर्तनलाई सजिलै तुलनात्मक विश्लेषण गर्न जोरायल, केआई.सिंह गाउँपालिका र शिखर नगपालिकाका १३ वटा वडामा यो अभ्यास गरिएको हो ।

## १९. स्थानिय तहको नीति कार्यक्रम, सामाजिक संरचना र समुदायको व्यवहारमा आएको परिवर्तन :

- संस्थाको पैरवी र निरन्तरको प्रयास तथा सहजीकरणले दिपायल सिलगढी नगरपालिका, शिखर नगरपालिका र के. आई सिंह गाउँपीलकाले छाउपडी प्रथा उन्मुलन सम्बन्धि कार्यविधि निर्माण गरी कार्यन्वयन गर्नु ।।



- शिखर नगरपालिका, के. आई सिंह र जोरायल गाउँपीलकाले लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति, गै.स.स. परिचालन कार्यविधि, र स्थानिय तहको उपसमितिको कार्य संचालन कार्यविधि तर्जुमा गरि कार्यान्वयन गरि रहेको छ ।
- सार्वजनिक शिक्षाको गुणस्तर सुदृढीकरणका लागी शिखर नगरपालिका वडा नं. २ को महाकालि मा.वि.ले बालबालिका र अभिभावक सहितको बैठक गरि गुणस्तरिए शिक्षाको प्रवर्धनका विषयमा निर्णय गरिएको छ । बालबालिकाको अध्ययनमा बाधा नहोस भन्ने हेतुले विद्यालयमा मोबाईल बन्देज, गरिब तथा अशक्तहरुको लागि ११ र १२ मा निशुल्क शिक्षा, छात्रवृतिको व्यवस्था गर्ने र ११ र १२ को हालको शुल्क घटाउने निर्णय गरिएको छ ।



- छाउपडी प्रथा विरुद्ध नीति तयार ( शिखर न.पा) महिलाको न्यायमा पहुचको लागि लिखित प्रतिबद्धतामा हस्ताक्षर बाल विकास केन्द्रको स्थापना ( के.आई.सिंह ४)
- के.आई.सिंह गा.पा वडा नं. ४ भाडागाँउमा जनजागरण महिला भाडागाँउमा २ कोठे सामुदायिक भवन निर्माणका

लागि गाउँपालिका र वडामा योजना पेश गरि सामुदायिक भवन निर्माणका लागि वडा कार्यालयवाट रु ३ लाख २६ हजार बजेट विनियोजन गर्न सक्षम भई २ कोठे सामुदायकि भवन निर्माण भएको छ ।



- विद्यालयमा संचालन गरिएका महिनावारी स्वच्छता सम्बन्धिको अभिमुखिकरणमा ,किशोरहिरुले संचलान गरेको छाउपडी प्रथा विरद्धको घरदैलो अभियान , छाउपडी प्रथा विरुद्ध नाटक प्रदर्शन लगायत कियाकलापहरुले समुह भन्दा बाहिरका ४५ जना महिला महिनावारी भएको बेलामा घरभित्रै सुरक्षित ठाउँमा सुत्ने गरेका छन ।
- पहिलो चोटि महिनावारी भएका किशोरीहरुले २२ दिन सम्म वार्ने गर्दथे भने अहिले ८ दिनसम्म छोटयाईएको छ ,।
- परियोजना विभिन्न गतिविधिबाट कार्यक्षेत्रका महिलाहरुमा सकारात्मक सोचको विकास भई महिनावारी भएको बेलामा २१२ सुरक्षित ठाउँमा सुत्ने गरेका छन । ६ जना महिलाहरु महिनावारी भए को बेलामा खाना पकाएर आफना परिवारका सदस्यहरुलाई खुवाउने गरेका छन ।
- पालीका स्तरमा परियोजनाले पारेको प्रभाव बारे जानकारी भएको छ ।
- स्थानीय निकायको परियोजना प्रति अपनत्व ग्रहण हुनु ।




## २०. अनुगमन तथा मुल्यांकन :



- सयुक्त अनुगमनले गर्दा सरोकारवालाहरुले कार्यकम बारे जानकारी पाएका छन ।
- सरोकारवालहरुले कार्यत्रमको अपनत्व ग्रहण गरेका छन ।
- समन्वय, सहकार्यको वातावरण सृजना भएको छ ।
- सयुक्त अनुगमन ले गर्दा आगामी योजना बनाउन सहयोग पुगेको छ ।
- संस्थाको अनुगमन मुल्यांकन नीति वमोजिम बार्षिक रुपमा कर्मचारीको कार्यसम्पादन मुल्यांकन गरि सक्षम कर्मचारीलाई पुरस्कृत गर्ने गरिएको छ ।
- बार्षिक योजना वमोजिम संस्थाको अनुगमन मुल्यांकन समितिले परियोजनाको त्रैमासिक रुपमा फिल्ड अनुगमन गर्दै आएको छ । यस अवधिमा तिन पटक फिल्ड अनुगमन गरि परियोजनाको प्रभावकारीताका लागी आवश्यक सुझाव र पृष्ठपोषण उपलब्ध गराईयो ।
- यस अवधिमा आपतकालिन परियोजना, DTV परियोजना र शाकार परियोजनाको कार्यसम्पादन मुल्यांकन संस्थाको कार्यसमिति, सहयोगी संस्था र स्थानिय तह लगायत सरोकारवाला निकायहरु वाट अनुगमन गरिएको छ । र स्थानिय समुदायको ज्ञान,सिप र सिकाईको अवस्था विश्लेषण गर्न स्वमुल्यांकन सहीत सहभागीमुलक चिन्तनमन्न कार्य समुदायका अधिकारवालाहरुको संलग्नता र सहभागीतामा सम्पन्न गरियो ।



## २१. कार्यक्रमको प्रभावकारीताका सिफारिस :

- कर्मचारी व्यवस्थापन, परिचालन र सिकाई अभिवृद्धि तहमा
- संस्थाको फिल्ड कर्मचारीहरुलाई संभावना हुने अर्न्तर कार्यक्रम अर्न्तगत सरुवा गर्दा नयाँ अनुभव र नयाँ सिकाई हुनेछ ।
- कर्मचारीको आवश्यकता र क्षमताको लेखाजोखा गरि क्षमता विकासका सम्बन्धि तालिमको व्यबस्था गर्ने ।
- परियोजना र कार्यक्रमको प्रभावकारिताका लागि अर्न्तर कार्यक्रम विच समय समयमा सेयरिड आयोजनाको पहल गर्ने

## २३. सुचना तथा संचार व्यबस्थापन :-

संस्थाले संस्थागत रुपमा भएका गतिविधि लगायत महत्वपुर्ण निर्णयहरुको कार्यान्वयनको अवस्थाका साथै देशमा भए गरेका गतिविधिहरुको जानकारी तथा आदान प्रदानका लागी सुचना तथा संचार क्षेत्रलाई व्यबस्थित गर्ने कार्यमा जोड दिई रहेको छ ।

- गुनासो सुनवाई तथा सुचना अधिकारी व्यवस्थापन गरिएको छ ।
- सूचना बोर्ड मार्फत संचार ।
- पत्राचार ।
- रेडियो कार्यक्रम प्रशारण ।
- सामाजिक परिक्षण ।
- प्रकाशनहरु ।
- वेभसाईड । फेसवुक, सामाजिक सञ्जाल ।

## १६.मिडिया परिचालन :-

- सामाजिक न्याय तथा मानव अधिकारको संरक्षणको क्षेत्रमा स्थानिय एफ.एम.द्धारा(जातीय छुवाछुत,महिला हिंसा,छाउपडी प्रथा,वाल विवाह विरुद्ध,महिलाको आर्थिक सशक्तिकरण आदी)स्थानिय समुदायको घटना,अनुभव र सिकाइ, संवाद र जिंगलहरुको नियमित रुपमा प्रशारण गरि आमजनमानसमा जनचेतना अभिवृद्धि गरिनु ।।
- परिवर्तन परियोजना अन्तरगत संचालन गरिएको रेडियो कार्यक्रम, रेडियो टक शो र जिंगलहरुले स्थानिय सरकार। जनप्रतिनिधि र नागरिकलाई जवाफदेहि र उत्तरदायि बनाउन मद्धत पुऱ्याएको छ । कोभिड संक्रमणको अवस्थामा झनै यसले नागरिकलाई काभिड बाट बच्ने र बचाउने सम्बन्धमा आमसचेतना अभिबृद्धि गरेको छ । रेडियो कार्यक्रममा ग्रामिण महिलाहरु आफुले बोलेको कुरा आफैले सुन्न पाउने नौलो अनुभव गर्ने गगरेको र आत्मविश्वास बढाउदै गएको पाईन्छ ।
- कोराना भाइरसको जोखिममा रहेका समुदाय तिनका परिवार र संभावित जोखिमबाट अन्य समुदायलाई पर्न जाने असरबाट सर्तकताका लागि स्थानिय रेडियो मार्फत सन्देश प्रवाहले सचेतनामा सहयोग पुगेको छ ।
- न्यायिक समिति संग भर्जुयल बैठक र लैङ्गिक उत्तरदायि न्यायका लागी महिलाका सवालमा काम गदैआईरहेका संचारकर्मी , पत्रकारीमा काम गदै आईरहेका पत्रकार, सञ्चारकर्मीका लागी ४ दिने अनलाइन तालिम





## सफलताका कथाहरु

### “पोल्टी व्यावसाय मार्फत संगीता खड्काको जीवनस्तरमा आएको परिर्वतन”



पुर्विचौकी गा.पा. वार्ड नं. ४ सानागाऊँ, डोटीमा गठित पीपल चौतारी कृषक समूहका सदस्य श्री संगीता खड्काको जीवनस्तरमा आएको परिर्वतनसँग सम्बन्धित सफलताको कथा पुर्विचौकी गा.पा.वडा नं. ४ सानागाऊँ डोटी स्थायी घर भएकी ३५ वर्षिया श्री संगिता खड्का पीपल चौतारी कृषक समुहकी सक्रिय सदस्य हुनुहुन्छ । उहाँको परिवारमा २ जना पुरुष र ५ जना महिला गरि जम्मा ७ जना सदस्यहरु छन् ।

उहाँ पीपल चौतारी कृषक समुहमा सक्रिय कृषकको रुपमा आवद्ध हुनुहन्छ जसमा ९ जना दलित र १४ जना अन्य गरि जम्मा २३ जना महिला सदस्यहरु आबद्ध छन् ।

पहिले पहिले उहाँले आफ्नो खेतबारीमा खाद्य वस्तुहरु जस्तै : धान, मकै, गँहु र कोदो लगाएतका बालीहरु परम्पगत रुपमा लगाउने गर्नु हुन्थ्यो तर त्यसबाट उत्पादित खाद्यान्नले उहाँको परिवारलाई वर्ष भरि साझ विहानको छाक टार्न मुर्सकिल नै हुन्थ्यो । जसले गर्दा उहाँको परिवारमा खाद्य सुरक्षा, पोषण अनि नगदको संकट भैरहन्थ्यो । यस्तो समस्याबाट छुटकारा पाउन र परिवारको लालनपालनको लागि उहाँमा श्रीमान छिमेकी राष्ट्र भारतमा ज्याला मजदुरीको लागि जाने गर्नु हुन्थ्यो तर श्रीमानले भारतमा कमाएको रकमले बालबच्चाको शिक्षा दिक्षा लगाएत परिवारका आधारभुत आवश्यकता परिपूर्तिमा नै अपुग हुने गर्‍थ्यो ।



सम विकास केन्द्र नेपाल, डोटीले साकार परियोजना अर्न्तगत उहाँको कृषि समुहलाई घुम्तीकोषको रुपमा अनुदान रकम रु. १००००० ( अक्षेररुपी : एक लाख ) प्रदान गरेको थियो । समुहमा प्राप्त घुम्तीकोषबाट उहाँले समुहको नियमानुसार बार्षिक १२ प्रतिशत ब्याँजदरमा रु.५०००० ( अक्षेरमा : पचाँस हजार ) रुपैंया ऋण लिनु भयो र भारतमा मजदुरीको लागि पसिना बगाई रहनु भएका उहाँका श्रीमान्लाई पनि आफ्नो जन्मभुमिमा फर्काएर पोल्ट्री व्यावसाय सुरु गर्नु भएको थियो । अहिले उहाँहरुले आफ्नो लगानी गरेको पुँजीलाई घटाएर एक लटमा रु. ९०००० ( अक्षेररुपी : नब्ये हजार ) कमाउन सफल हुनु भएको छ । साथै अहिले उहाँको फर्ममा दास्रो लटका कुखुराका चल्लाहरु हुर्किरहेका छन् । उहाँहरुले यो व्यावसायलाई व्यावसायीक तरिकाले निरन्तरता दिने योजना मुताबिक आफ्नो व्यावसायमा तन, मन र धन लगाएर लागिरहनु भएको छ । यो व्यावसायबाट आर्जित रकमले उहाँको परिवारका आधारभुत आवश्यकताहरु परिपुर्तिको साथ साथै बच्चाहरुको शिक्षादिक्षामा सहज भएको छ । अन्त्यमा अहिले उहाँको परिवारमा खुसियाली छाएको छ ।



### महिलाको नेतृत्वमा खप्तड महिला बहुउद्देश्यीय सहकारी संस्था लि.

खप्तड महिला बहुउद्देश्यीय सहकारी संस्था लि. बि.सं. २०५९ सालमा पुर्विचौकी गा.पा.वडा नं. ३ अर्न्तगत गैरागाऊँमा स्थापना भएको थियो । घरपरिवार र समाजमा दोस्रो दर्जाको रुपमा हेर्ने

गरिएका त यो समयका जम्मा २५ जना महिला दिदी बहिनीहरु आपसमा मिलेर आफ्नो आर्थिक हैसियतलाई माथी उकास्नु पर्छ भन्ने मुल्य मान्यताका साथ सहकारी संस्थाको स्थापना गरिएको थियो । आज भन्दा झन्डै २० बर्ष पहिले उहाँहरुको मनमा जबसम्म हामी नारीहरुको आर्थिक हैसियत माथी उठ्न सक्दैन तब सम्म हामीले हाम्रा अधिकारको उपयोग गर्नबाट बन्चित भैरहनु पर्ने हो भन्ने कुराको महसुसीकरण भएर नै सहकारीमा आबद्ध भएका थिए । सहकारी संस्थामा आबद्ध सदस्यहरुको थोरै भएपनि बचत गर्ने बानिको विकास हुदै गयो । त्यसपछि त्यो क्षेत्रमा गुड नाइबर परियोजना पनि लागु भयो ।




उक्त परियोजनाले खप्तड महिला बहुउद्देश्यीय सहकारी संस्थालाई विस्वास गर्दै अनुदानको रुपमा रु. २२००००० ( अक्षेररुपी : बाइस लाख ) प्रदान गर्नुको साथै संस्थाको भौतिक भूर्वाधारको रुपमा भवन निर्माण गर्ने महत्वपूर्ण कार्य गरेर सहयोग गरेको थियो ।

स्थापना काल देखि अहिलेसम्म सहकारी संस्थाले आफ्ना सदस्यहरुबाट छरिएर रहेको बचत रकम संकलन गर्ने, कृषि, पशुपालन, व्यावसाय र प्रशोधन उधोगलाई मुख्य लगानीको क्षेत्र तोकी आवश्यकताको आधारमा सहुलियत ब्याँजदरमा ऋण प्रवाह गर्दै आइरहेको छ ।

डिसिए नेपालको आर्थिक सहयोग, लिवर्डको प्राविधिक सहयोग र सम विकास केन्द्र नेपाल, डोटीको साझेदारीमा संचालित साकार परियोजना पनि यो क्षेत्रमा सन् २०१७ देखी हालसम्म लागु भैरहेको छ । त्रिपक्षिय साझेदारी मोडल (डिसिए, इडिसि र सहकारी संस्था) अनुसार परियोजनाबाट सहकारी संस्थालाई अनुदान स्वरुप रु.५१२००० (अक्षेररुपी : पाँच लाख बाह्र हजार) घुम्तीकोषको रुपमा प्रदान गरिएको थियो । यसको साथै परियोजनाबाट संस्थालाई अफिस व्यावस्थापनको लागि लजिष्टिक सर्पोट र सफ्टवयर जडान गर्ने कार्य गरिएको छ । परियोजना मार्फत संस्थाका व्यावस्थापक र पदाधिकारीहरुको क्षमता वृद्धिको लागि विभिन्न तालिम तथा अभिमुखिकरण कार्य गर्दै आइरहेको छ । सहकारी संस्थासँग बर्तमान सहकारी ऐन २०७४ अनुसारका आवश्यक नीतिहरु नभएकोले उक्त नीतिहरु निर्माणमा परियोजनाबाट सहयोग गरिएको छ । नीतिहरुको प्रारम्भिक मस्यौदा माथी सहकारी संस्थाको व्यावस्थापन समितिमा दफाबार छलफल गर्ने कार्य भैरहेको छ । छलफलबाट आएका पृष्ठपोषणको आधारमा नीतिहरुको अन्तिम स्वरुप प्रदान गरि संस्थामा लागु गर्नको लागि हस्तान्तरण गरिने छ ।

परियोजनाले कृषकहरुद्धारा उत्पादित कृषि उपज संकलन गरि त्यसको बजारीकरणको लागि संकलन केन्द्रलाई आवश्यक संकलन केन्द्र संचालन निर्देशिका तयार गरि हस्तान्तरण गर्ने कार्य पनि गरिएको छ । संकलन केन्द्रको राम्रो व्यावस्थापनको लागि निर्देशिका अर्न्तगत विभिन्न समितिहरु निर्माण गर्ने कार्य पनि भएको छ । अहिले सहकारी संस्थामा शेयर सदस्यको संख्या वृद्धि हुनुको साथै शेयर पुँजी पनि बढेको छ । अहिले संस्थामा आवद्ध सदस्यहरुलाई सहुलियत दरमा विना धितो ऋण प्राप्त गर्न सहज भैरहेको छ । उहाँहरुले लिएको ऋण रकमको कम्तीमा ७० प्रतिशत रकम उत्पादनशिल क्षेत्रमा र बाँकी ३० प्रतिशत साना व्यावसायमा परिचालन भै रहेको छ । जसको परिणाम स्वरुप सदस्यहरुको आम्दानीमा वृद्धि भै जीवनस्तरमा पनि सकारात्मक परिर्वतन आएको देखिन्छ ।

आगामी दिनहरुमा बैंकिङ्ग सेवा सुविधाबाट बन्चित त्यो क्षेत्रका जनतालाई सेवा प्रवाह गर्ने उदेश्यले संस्थाले आफै आई.एम.इ. सेन्टर संचालन गर्ने योजना रहेको छ । साथै सहकारी संस्थाले सानो मसला प्रशोधन उद्योग संचालन गर्ने कुरा पनि सहकारीको व्यवसायीक योजनामा समेटेको छ ।

## *समुदायलाई पनि परिवर्तन गराउदै*

*दिपायल सिलगढी नगरपालिका वडा नं ५ कि फुलवारी रिफलेक्ट सर्कलकि अध्यक्ष सपना आउजी यस रिफलेक्टमा बसेपछि आफुलाई निकै परिवर्तन भएको कुरा बताउछिन । समाजमा वर्षै देखि जरोगाडेर रहेको छाउपडी प्रथालाई चुनौति दिदै उनी महिनावारी भएको बेलामा दूधदहि खाने , कोठामै सुत्ने र महिनावारी भएको बेलामा खानापकाएर श्रीमान तथा परिवारका अन्य सदस्यहरुलाई समेत खुवाउने गरकि छिन । आज भन्दा केहि वर्ष अगाडि आफु महिनावारी भएको बेलामा घरपविारले दूधदहि खना दिदैनथे । गाई भैसि संगै सुताउने गरेका थिए । जब देखि रिफलेम्ट सर्कलमा बसेर मैले विभिन्न कुराको बारेमा ज्ञान पाए कि महिनावरी भनेको महिलाको मासिक धर्म हो यो एउटा प्राकृतिक कुरा हो । यसलाइ मान्दा महिलाहरुको मानसिक तथा शारीरिक रुपमा कमजोर भएर जान्छन । त्यैसै गरि यो परियोजना लागु भएपछि विभिन्न तालिम गोष्ठि ,छलफल अन्र्तकृया र छाउपडी प्रथा विरुद्धका विभिन्न अभियानमा हिडेपछि झभै बढि कुराको जानकारी भयो । यस्ता किसिमका विभेदहरु गरेमा कस्ता खालका कानुनहरु बनेका छन त्यसका बारेमा समेत जानकारी पाएकि छु अब देखि म यस्ताकुरा आफु पनि मान्दैन मेरो समुदायमा पनि यस्ता किसिमका प्रथा विरुद्ध आवाज उठाउनुका लागी प्रोत्साहित गर्नका लागी म पहिला आफु परिवर्तन शरु थाल्ने छु ॥*

## परिवर्तन तिर अग्रसर हुदै गोमा धामि:::

- गोमा धामि दिपायल सिलगढी नगरपालिका वडा नं ५ धामि गाउँमा ५जना परिवारका साथ वस्दै आईरहेकि छिन । उनी अहिले ३० वर्ष भइन। उनको परिवारमा ५जनामा १जना छोरा , २ जना छोरी र श्रीमान रहेका छन । उनी धामिगाउँमा गठन गरिएको रिफलेक्ट सर्कलमा सदस्य रहेकि छिन । उनको सानै उमरेमा विवाह भइका कारण उनले पढन पनि पाएको छैन । पढन लेख्न नपाएकै कारणले कुनै पनि समुह संगठन आवद्ध पनि हुन सकेको थिएन । यस संस्थाले गठन गरेको समुहमा सदस्य भए पछि उनी विभिन्न कार्यक्रमहरुमा सहभगिता जनाउनु थालिन । विस्तार विस्तारै समुहमा सहभगित जनाएपछि उनले समुहको छलफलबाट धेरै कुराको जानकारी पाईन । यो भन्दा अगाडी महिनावारी तथा सुत्केरी हुदा धेरै विभेद सहेर बसेकि गोमा यस परियोजना बाट संचालन भएका विभिन्न गतिविधिमा सहभागि भएपछि आफुलाई गरिएको विभेद कानुनतह अपराध भएको थाहा भए पछि अहिले गोमा यसको खुलेर विरोध गर्दै आएकि छिन । उनी भन्छिन पहिले मलाई केहि कराको बारेमा जाकारी थिएन । त्यसैले यस्ता विभेदहरु मैले सहेर बसेको हो । अब मैले धेरैकुराको बारेमा जानकारी पाए । मलाई महिनावारी अर्थात छाउ र सुत्केरी हुदा गरिएको विभेदले मलाई धेरैकराको खानपानोक्सान गरेको रहेछ । पहिले त मैले पढन पाएन , दोस्रे महिनावारी भएको बेलामा खान पान लगायत सुरक्षित ठाउँमा सुत्न दिएन , कुनै पनि सार्वजनिक कार्यक्रमहरुमा सहभागि हुन दिएन । जसले गर्दा मैले शारिरीक ,मानसिक रुपमा पिडा भोगेकि छु । तर अब म सचेत भैसकेकि छु । अब म माथि भएका विभेदहरुको अन्त्य गर्नका लागी म महिनावरी भएको बेलामा सधै सुत्ने कोठामा सुत्ने गरेछु । दूधदहि पनि आने गरेकि छु । महिनावारी भएको बेलामा सबै ठाउँमा जाने गरेकि छु । म महिनावारी हु भनेर कसैलाई भन्दैन मलाई कसैले पनि सोत्दैन । धामि झाक्री,पंडित पुजारी भएका ठाउँमा पनि जाने गरेकि छु । कसैलाई केहि पनि भएको छैन । त्यसैले यो रुढिवादी हो । थाहा भएपछि सबै कुरा हुन्छ । थाहा नपाएपछि केहि पनि हुदैन । त्यसैले म अब यस्ता कुराहरुलाई परिवर्तन गर्न चाहान्छु । आफु पनि परिवर्तन हुने र समुदायलाई पनि परिवर्तनगर्ने प्रतिबद्धता गर्दछु ।



## भारत वाट फर्किएकी लक्ष्मीको जीवनगाथा :

- दि सि न पा ५ धामिगाउँ घर भएकि लक्ष्मी पार्कि भन्छिन " जब श्रीमानको हत्या भयो लक्ष्मी सबै छोरा छोरी बोकेर नेपाल फर्किए बाटोमा तमाम दुख र पिडा पाएर गाउँमा पनि फर्किए क्वारेन्टाइनमा बसेर घर फर्कदा घरमा खानलाई एकदाना अन्न थिएन छिमेकि कोरोना सर्ने डरले नजिक पनि आउदैन थिए ईडिसि नेपाल । वडा कार्यालयबाट दिएको राहात ४ महिना त खानलाई पुग्यो त्यस पछि के गर्ने भन्ने परि परेको बेला मैले परियोजना द्धारा बाखा पालनको लागि आर्थिक सहयो प्राप्त गरे अहिले म संग ३ वटा बाखा २ वटा पाठि छ एउटा बोका अस्ति भर्खर ८ हजारमा ब्रिकि गरेको अहिले त्यहि पैसाले घरको रासन पानी भरिरहेकि छु र अघिल्लो वर्षको जस्तो यो पटक के खाने भन्ने समस्या यो पटक रहेन । यसरी बिस्तारै मेरो पारिवारीक अवस्था सुधार हुनमा मदत पुग्ने ठुलो आशा लिएको छु र यो व्यवसाय बढाउदै जाने छु ।




## मास्क र साबुन पानिको उचित प्रयोग गर्ने बानीको बिकास

**नामः नरु पार्की**
**ठेगानाः दि.सि.न.पा-५ धामीगाउँ**
**समूहः प्रगति रिफलेक्ट सर्कल**
**पदः सदस्य**

दि.सि.न.पा. वार्ड न. ५ मा बस्ने नरु पार्की एक गरिब निम्न वर्ग बाट हुनुहुन्छ। नरु पाकी को पहिलेको अवस्था निकै कम्जोर थियो जसले गर्दा उनलाई शौचालय सफा गर्ने सामग्री किन्न गारो पर्दथ्यो। उनको परिवार मा छोरि ३, छोरा १, १ सासु, बुडा बुडी गरि ७ जना को परिवार रहेकोछ। पहिलेको कुरा गर्दा उनको आफ्नो शौचालय नै थिएन। पछि सर्कल को सल्लाह र वार्डको सहयोग बाट जनता आवाश घर पाए पछि शौचालय पनि बनाएकी हुन।

उनले शौचालयको सरसफाई गर्दथिन, मास्क पनि लगाउने गर्दथिन, साबुन पानीले हात पनि धुन्थिन तर शौचालय पानीले मात्र सफा गर्ने हर्पिक को प्रयोग नगर्ने, मास्क पनि राम्रो संग नाक,मुख नछोपिने गरेर लाऊथिन अनि हात पनि साबुन प्रयोग नगरी धुने गरथिन। तर शौचालय मा हारपिकको प्रयोग गर्नुपर्छ, दिनहु शौचालय सफा गर्नु पर्छ र यसो गर्दा सरुवा रोगबाट बच्न सकिन्छ भन्ने चेतना उनीमा थिएन । शौचालयको लागि चाहिने सरसफाईका सामानहरु शौचालय सफा गर्ने ब्रस, हर्पिक भने किन्ने गर्दिनथिन । तर जब युवा स्वोयमसेवक हरुले घर घर मा गइ शौचालयमा हारपिक को प्रयोग, हात धुदा साबुन पानीले २० सेकेन्ड सम्म मिचिमिची धुने र मास्क को सहि प्रयोग कसरि गर्ने भन्ने कुरामा जानकारि दिए पछि त्यही अनुसार आफ्नो बानिमा परिवर्तन आएको महसुस गर्नु भएको छ साथ साथै रेडियो बाट दैनिक कोरोना को बारेमा जनचेतनामुलक सन्देशहरु सुनिरहेको हुनाले पनि आफ्नो बानि मा परिवर्तन आएको छ। मैले कोरोना रोकथाम किट पनि पाए त्यसैबेला देखि मैले सेनीटाईजर, हारपिक, साबुन पानि ले मिचिमिची हात धुन थालेको छु। आफु मात्र नभएर आफ्ना बच्चा हरुलाई पनि जोखिम पूर्ण अवस्था मा साबुन पानि को प्रयोग, घर देखि बाहिर भिडभाड मा जादा मास्कको प्रयोग, शौचालय को सरसफाई अनि सेनीटाईजर को प्रयोग गर्न लगाएकी छु। अहिले मैले स्वच्छ सफा शौचालय को प्रयोग गर्नाले मलाई विभिन्न खालका सरुवा रोग लाग्न बाट बचेको छु, समाजमा राम्रो नजरले हेर्ने र राम्रो बेबहार गर्न थालेका छन। आफुमात्र नभई छरछिमेक र घरपरिवार लाई पनि सुरक्षित रहनको लागि सल्लाह सुझाब दिने गरेको छु। अहिले हामि स्वच्छ बेबहार अपनाई आफ्नो र आफ्नो परिवार अनि समुदायको स्वास्थय सुरक्षित राख्न स्वच्छ शौचालयको प्रयोग गर्न सफल भएका छौ।

# आत्मनिर्भरताका लागि महिलाहरुले बाख्रापालन शुरु गरे ।



Happiness when she get goat

जोरायल गाउँपालिका वडा नं. ४ का ७० घरधुरी मध्ये २९ घरधुरीका महिलाहरु बाख्रा पालन कार्यमा संलग्न भएका छन । वडा नं. ४ अन्तरगत गोल्ला, खैरखोला, ऐतोडा, र काफली वस्तीका महिलाहरु संगठित केदार आमा समुहका तर्फबाट सुशासन पाठशालामा आवद्ध २९ घरधुरीका महिलाहरुले यूरोपियन यूनियन र डीसीएको त्रिपक्षिय सहयोग र ईडीसीको सहजीकरणमा आयआर्जन र आत्मनिर्भताका लागि बाख्रापालन कार्य शुरुगरे ।
सिजनमा खेतीपातीको काम गर्नुपर्ने र अन्य दिनहरुमा उत्पादनमुलक कार्य नहुने भएकोले उनिहरुले आर्थिक सशक्तिकरणका लागि बाख्रापालन शुरुगर्न थालेका हुन ।
परम्परागत कृषि खेती प्रणाली, भारतीय रोजगार र ज्याला मजदुरीमा निर्भर सुशासन पाठशालाका महिलाहरुले आर्थिक रुपमा आत्मनिर्भर हुन ईडीसी मार्फत डीसीएमा बाख्रापालनका लागि संयुक्त रुपमा सामुदायिक कार्ययोजना पेश गरेका थिए ।
कोभिड १९ का कारण बेरोजगार भई भारतबाट घरफर्केका पुरुषहरु अहिले महिलाहरुको कार्यको प्रसंशा गर्दै वाखापालन कार्यमा महिलाहरुलाई सहयोग पुऱ्याउदै आएका छन । बाखा चराउने, घाँस काटने लगायतका घराँयसी कार्य पुरुषहरुले सघाउन थाले पछि महिलाहरुको कार्यबोझमा पनि कमि आएको बताउनु हुन्छ सुशासन पाठशालाकी सदस्य कल्पना बोहरा ।



through CAP implementation

उनि अगाढी भन्छिन, "कोरोना अघि गाउँका सबै पुरुषहरु कामकालागि भारत जाने, पहाडबाट तराई जाने र घरमै भएपनि दिनभरी होटेलमा बसेर जुवातास खेल्न ब्यस्त हुन्थ्ये भने महिलाहरुले घरको सबैकामहरु गर्नुपर्दथ्यो । तर अहिले कोरोनाको डर र लकडाउनले गर्दा सबैपुरुषहरु घरमै हुनथाले र हामीले पनि आ-आफना घरपरिवारका पुरुषहरुलाई सम्झायौं बुझायौं र उनिहरुले हामीलाई सहयोग गर्नथाले । कम्तीमा पनि घरपरिवारले बाखा चराउने, घाँस ल्याईदिने र घरको सानोतिनो कार्यमा सहयोग गरिदिनाले हामीलाई आराम गर्ने मौका मिलेको छ ।"
यसैगरि बाखा पालनले स्वरोजगार सृजना गरेको बताउदै धर्मा देवी ठगुन्ना भन्नुहुन्छ, "कोरोनाका कारण विदेशमा रोजगार गुमाएका छोराहरुलाई घर फर्केपछि रोजगार मिलेको छ । "

बाखापालनका लागि परिवर्तन परियोजना अन्तरगत यूरोपियन यूनियन र डीसीएले ईडीसी मार्फत केदार आमा समुह सुशासन पाठशालालाई बाखापालनकालागि रु.आठलाख र गाउँपालिकाले प्राविधिक सहयोग उपलब्ध गराएको थियो भने २९ घरधुरीले प्रतिब्यक्ति २० हजार देखि करिब ३० हजार वरावरको आफनो लगानीमा खोर निर्माण गरेका थिए । बाखा ब्यबस्थापन समिती, अनुगमन मुल्याकंन समिती र खरिद समिती गठन गरि उनिहरुले गाउँपालिकाको प्राविधिकको सहयोगमा स्थानिय स्तरबाट बाखा खरिद गरेका थिए ।



GGS in Kedar Aama samuha- Jorayal

महिलाहरु पहिलो पटक ब्यबशायमा संलग्न हुने मौका पाएको बताउदै पाठशालाकी सदस्य लक्ष्मी बोगटी भन्छिन, "यो ब्यबशायबाट हामीले आम्दानी बृद्धि गर्ने र आत्म निर्भर हुने सोंच बनाएका छौं, हामी यसलाई जसरी भएपनि निरन्तरता दिन्छौं ।"
विगतमा विभिन्न समुदायका महिलाहरु संगठित भई जोरायल गाउँपालिका वडा नं. ४ मा महिला सशक्तिकरणमा सहयोग पुऱ्याउन केदार आमा समुह गठन गरिएको थियो । सन् २०१९ मा उक्त समुह नागरिक समाज संस्थाको रुपमा परिवर्तन परियोजनामा आवद्ध भएको थियो । सन् २०२० मा गाउँपालिकामा सूचिकृत गरिएको केदार आमा समुहमा सन् २०१९ देखि सुशासन पाठशाला संचालन हुदै आएको छ ।

वर्तमान संघिय सरकारको संरचना, स्थानिय सरकार, संविधान प्रद्धत अधिकार, स्थानिय सरकारको कामकर्तव्य, सार्वजनिक सेवा, महिला अधिकार, सहभागिमुलक योजना तर्जुमा, सार्वजनिक जवाफदेहिता प्रवर्द्धन जस्ता सवालहरुमा सुशासन पाठशालाका माध्यमबाट सहजीकरण गर्दै दलित, विपन्न र सिमान्तकृत समुदायका महिलाहरुको सशक्तिकरण गर्न कार्यक्षेत्रका विभिन्न वडाहरुमा सुशासन पाठशाला संचालन गरिएको छ ।

स्रोतः चन्दा साउँद (सामाजिक परिचालक)
ड्राफट तयारः पदम मिजार (सूचना अधिकृत)
अन्तिम स्टोरी तयारः महेश परियार (परियोजना संयोजक)

# सम्पत्ती माथिको अधिकार प्राप्त गर्न सफल ...इन्द्रा वली ।


Indra Oli GGS Member

एक छोरीका साथ जोरायल गाउँपालिका वडा नं. १ गैरा वशन्तपुर गाउँमा बस्दै आएकी ईन्द्रा वलीले आफनो नाममा जग्गा जमिन नामसारी (दर्ता) गरि सफल कृषकको रुपमा समेत तरकारी उत्पादन र विक्रि गर्दै सुखी जीवन विताउन थालेकी छिन ।

४६ वर्षकी एकल महिला हुनपुगेकी ईन्द्राका ५ वटा छोरी र आफु गरी ६ जनाको परिवार र साथमा देवर, देउरानी, सासु, ससुरा सहितको सगोल परिवार थियो । २०६१ सालमा श्रीमानको भिरबाट खसेर मृत्यु भएपछि अनेकन समस्या सहित ५ वटा छोरी सहित उनि वग्लै बस्दै आउनु भएको थियो । श्रीमानको मृत्यु पश्चात ईन्द्रा वलीले परिवारको सगोलमा रहेको जमिनमा तरकारी खेती गर्दै आफ्नो र बालबच्चाको खर्च चलाउदै चार छोरीहरुको विवाह गरिसकेकी छन भने कान्छी छोरी (डम्वरी वली) ११ कक्षामा पढदै छिन ।

कृषि क्षेत्रमा धेरै अनुभव हासिल गरेपनि महिला हक र अधिकार, कानुन, निति नियमको बारेमा जानकार नभएको बताउने इन्द्रा वली परिवर्तन परियोजना अन्तरगत जोरायल गाउँपालिका वडा नं. १ घण्टेश्वरमा रहेको दीपज्योती कृषक समुह अन्तरगत सुशासन पाठशालामा आवद्ध भईन र नियमित रुपमा पाठशालामा सहभागि हुन थालिन ।

पाठशालामा संविधानले प्रदान गरेका मौलीक हक अन्तरगत महिला हकअधिकार, सम्पत्तीको हक, बाल अधिकार र महिला माथि हुने सबैखाले हिंसा, नितिनियम र कानुनका बिषयमा छलफल गरिनुका साथै समसामयिक सवालहरुमा समेत छलफल हुने गरिन्थ्यो ।

सुशासन पाठशालामा छलफल हुने गरेका विषयबस्तु मध्ये सम्पत्तीको हकले आफनो मन छोएको बताउने ईन्दाले तरकारी उत्पादन गरि जिविकोपार्जन गर्ने जग्गा जमिन आफनो नाममा नभए भविष्यमा आफु र छोरीहरुले दुःख भोग्नु पर्ने कुराको महसुशीकरण गरिन र आफुले पाउने जग्गा आफनो नाममा दर्ता गर्ने अठोटका साथ ससुराको नाममा रहेको संगोलको १० रोपनी जग्गा जमिनबाट आफनो हिस्साको दावी गर्दै घरपरिवारमा छलफल गरिन । तर ससुरा र देवरले अंश खाने छोरा नै छैन, बेचेर खाने होकी भन्ने जस्ता कुतर्क गर्दै नामसारी नगर्ने निधो गरे । यसविषयमा धेरै दिन छलफल भयो तर घरपरिवार नमसारी गर्न मञ्जुर नभएपछि ईन्द्रावलीले आफुसंग छोरा नभएपनि छोरीहरु छन, संगोल जग्गा जमिनमा आफनो पनि अधिकार भएकोले कानुनी सहयोग लिई न्यायकालागि अगाढी बढने बताईन । अधिकार र कानुनी प्रक्रियाका विषयलाई ईन्द्राले दैनिकजसो घरमा उठाउन थालिन । अन्तमा घरपरिवार जग्गा जमिन ईन्द्राको नाममा नामसारी गरिदिन मञ्जुर भए र ईन्द्राले आफनो श्रीमानको अधिकारमा रहेको ५ रोपनी खेतीयोग्य जमिन आफनो नाममा नामसारी गर्न सफल भईन ।


Indra Oli, in Irrigating

दीपज्योती कृषक समुहमा अवद्ध ईन्द्रावली हाल विभिन्न समुह संजालमा आवद्ध छिन । नीति योजना र कार्यक्रमहरुका वारेमा समेत सुशासन पाठशालाका माध्यमबाट जानकार इन्द्राले अहिले स्थानिय सरकार र विभिन्न संघसंस्थाले संचालन गरेका कार्यक्रमहरुबाट सहयोग लिई कृषि पेशालाई बढाउदै लगेकी छिन । कृषि विकास कार्यक्रमबाट उनले अनुदान स्वरुप हाते टेक्टर प्राप्त गरेकी छिन जसले उनलाई खनजोतमा सहयोग पुगेको छ भने संघसंस्थाहरुबाट उनले विउ विजन प्राप्त गर्न सकेकी छिन ।

आफनो नाममा जग्गा जमिन भएपछि ईन्द्रावली मेहनतका साथ तरकारी उत्पादन र विक्रि वितरणमा क्रियाशिल छिन । उनले तरकारी विक्रिबाट भएको आम्दानीले घरखर्च, छोरीको पढाई खर्च सहज रुपमा चलाउदै गाउँमा एउटा घुम्ती पसल समेत शुरु गरेकी छिन ।

आफु सम्पतीको मालिक भएकोमा खुसी ब्यक्त गर्दै ईन्द्रा अगाढी भन्छिन, मलाई यसरी महिला हक लगायत विभिन्न निति नियम, कानुनको बारेमा जानकारी प्रदान गरि हौसला प्रदान गर्नमा सहयोग पुऱ्याउने सुशासन पाठशाला र कार्यक्रम संचालन गर्ने संस्था सम विकास केन्द्रलाई हृदय देखि धन्यवाद दिन चाहन्छु । पाठशालामा आउने अन्य महिलाहरुलाई पनि आफुले गरेको कार्यको उदाहरण दिदै आफ्नो हक र अधिकारका लागि हामी आफै लाग्नु पर्छ भन्ने जागरण शुरु गर्ने प्रतिवद्धता ब्यक्त गर्न चाहन्छु ।

दीपज्योति कृषक समुहमा आवद्ध ईन्दा वली यूरोपियन यूनियन र डीसीएको साझेदारी र डोटीमा ईनलोगोसको प्राविधिक सहयोगमा ईडीसी नेपाल डोटीले संचालन गर्दै आएको परिवर्तन परियोजना अन्तरगत जोरायल गाउँपालिका वडा नं. १ गैरा वशन्तपुरमा संचालन गरिएको सुशासन पाठशालाकी नियमित र सक्रिय सहभागि हुन । यसै गरि जोरायल गाउँपालिकाको वडा नं. १, २, ३ र ४ मा तीनतीनवटा गरि जम्मा १२ वटा सुशासन पाठशाला संचालन हुदै आएको छ ।

स्रोतः तारा वि.क.(सामाजिक परिचालक)

ड्राफट तयारः पदम मिजार (सूचना अधिकृत)

अन्तिम स्टोरी तयार : महेश परियार (परियोजना संयोजक)

## सरुवा रोग बाट मुक्त

**नामः मिना आउजी**
**ठेगानाः दि.सि.न.पा-७ पाकरी**
**समूहः हरियाली रिफलेक्ट सर्कल**
**पदः सदस्य**

दि.सि.न.पा-७ मा बस्ने मिना आउजी एकल महिला हुन। उनि भन्छिन सर्कलमा आबद्ध भए देखि उनलाई धेरै फाइदा भएको छ, उनले धेरै कुरा हरु सिक्न पाएकी छिन्। म एउटा एकल महिला हो मैले ज्याला मजदुरी गरेर आफ्ना बाल बच्चा लाई पाल्दै आइरहेको छु। मेरो शौचालय छ तर मैले शौचालयमा चाहिने सामान कहिले किनेकी छैन। पानि ले मात्र शौचालय सफा अनि हात धुने गर्दथे। सेनीटाईजर को बारेमा सुनेको मात्र थिए कहिले प्रयोग गरेकी थिएन। तर जब हामीले सम बिकाश केन्द्र नेपाल डोटी बाट कोरोना रोकथाम किट सपोर्ट पाए, शौचालय को सरसफाई देखि लिएर बेक्तिगत सरसफाई को बारेमा चेतना पाए अनि अहिले हामीले ति सिकेका कुरा लाई दिनहु आफ्नो बेबहार मा लागु गर्दै आइरहेका छौ।
मेरो छोरा शौचालय जाने बेला जैले रुने गर्दथ्यो, गन्ध आउछ भन्थ्यो तर जब देखि कोरोना रोकथाम किट सपार्ट पाए शौचालय को सरसफाई सधै गर्न थाले अनि बल्ल मेरो छोरा ले शौचालयको प्रयोग गर्न कहिलेइ अफठरो मानेन। मास्क को उचित प्रयोग कसरि गर्ने, कति घण्टा सम्म मास्क लगाउने, कस्तो कस्तो ठाउँ मा जादा मास्क, सेनीटाईजर को प्रयोग गर्ने भन्ने बिषयमा अहिले बुजेकी छु। जोरो नाप्ने त्जभचकयकभतभच को प्रयोग गर्न पनि सिके। पहिले जोरो आउदा स्वस्थ चौकी दगुर्नु पर्थ्यो अहिले हल्का जोरो आउदा घरमा आफैले जाचना थालेकी छु। हात धुने बिसयमा पनि मैले सधै साबुन पानि ले मिचिमिची हात धुने गरिरहेको छ जुन पहिले म गर्दिनथे। पहिले हामि धेरै बिरामी भएको भएइ हुन्थेउ। धेरै सरसफाई मा ध्यान दिईदैनथ्यो तर अहिले सर्कल मा सामेल भएपछि धेरै ज्ञान का कुराहरु सिकेकी छु। सम बिकाश केन्द्र नेपाल डोटी बाट कोरोना रोकथाम किट सहयोग पाए पछि दिनहु शौचालयको सरसफाई, बेक्तिगत सरसफाई, आफ्नो घरआँगन को सरसफाई सबै कुरा मा ध्यान दिन्छु। पहिले बिरामी भएर १,२ हफ्ता थला पर्दा मेरो घर खर्च धान्न अति कठिनाई हुन्थ्यो जसले गर्दा २००० देखि ३००० हजार सम्म खर्च हुन जान्थ्यो। तर अहिले धेरै कुराहरु सम विकास केन्द्र बाट पाएको सहयोगले यस्ता खर्च हरुमा धेरै कमि आएकोछ। यो कोरोना रोकथाम किट सपोर्ट भएपछि पनि केहि महिनाको लागि राहत भएको छ। अहिले म र मेरो समुदाय का बेक्तिहरु स्वस्थ जीवन बिताई रहेका छौ। अहिले म र मेरो परिवार सरुवा रोग बाट मुक्त भएका छौ ।

## स्वच्छ शौचालयको प्रयोग गर्न थालिन

**नामः हरिना पार्की**
**ठेगाना : दि.सि.न.पा-५ धामीगाउ**
**समूहः प्रगति रिफलेक्ट सर्कल**
**पदः सदस्य**

दि.सि.न.पा. वार्ड न. ५ मा बस्ने हरिना पार्की एक सक्रिय र गरिब निम्न वर्ग बाट हुनुहुन्छ। हरिना को पहिलेको अवस्था निकै कम्जोर थियो जसले गर्दा उनलाई शौचालय सफा गर्ने सामग्री किन्न गारो पर्दथ्यो। उनको परिवार मा ३ छोरि, १ छोरा, जेठाजु र बुडा बुडी गरेर ७ जना को परिवार रहेकोछ। पहिलेको कुरा गर्दा उनको आफ्नो शौचालय नै थिएन। पछि सर्कल को सल्लाह र वार्डको सहयोग बाट उनले शौचालय बनाएकी हुन।
उनले शौचालयको सरसफाई गर्दथिन तर शौचालय कसरि प्रयोग गर्ने र शौचालयलाई कसरि सरसफाई गर्ने भन्ने बिषयमा खासै जानकारी थिएन, पानी मात्र हाल्ने गर्दथिन। तर शौचालय मा हारपिकको प्रयोग गर्नुपर्छ, दिनहु शौचालय सफा गर्नु पर्छ र यसो गर्दा सरुवा रोगबाट बच्न सकिन्छ भन्ने चेतना उनीमा थिएन । बजार गएर अरु सामान किन्ने गर्थिन तर शौचालयको लागि चाहिने सरसफाईका सामानहरु भने किन्ने गर्दिनथिन । तर जब रिफलेक्ट सर्कलमा सरसफाई को बारेमा धेरै छलफल भयो र युवा स्वोयमसेवकहरुले घर घर मा आएर हात धुने चरण अनि शौचालय को सहि प्रयोग को बारेमा सिकाउनु भयो र मैले कोरोना रोकथाम किट पनि पाए त्यसैबेला देखि मैले सेनीटाईजर, हारपिक, साबुन पानि ले मिचिमिची हात धुन थालेको छु। आफु मात्र नभएर आफ्ना बच्चा हरुलाई पनि जोखुम पूर्ण अवस्था मा साबुन पानि को प्रयोग, मास्क को प्रयोग, शौचालय को सरसफाई अनि सेनीटाईजर को प्रयोग गर्न लगाएकी छु। अहिले मैले स्वच्छ सफा शौचालय को प्रयोग गर्नाले मलाई समाजमा राम्रो नजरले हेर्ने र राम्रो बेबहार गर्न थालेका छन। आफुमात्र नभई छरछिमेक र घरपरिवार लाई पनि सुरक्षित रहनको लागि सल्लाह सुझाबदिने गरेको छु। अहिले हामि स्वच्छ बेबहार अपनाई आफ्नो र आफ्नो परिवार अनि समुदायको स्वास्थय सुरक्षित राख्न स्वच्छ शौचालयको प्रयोग गर्न सफल भएका छौ।

## "कानुनी उपचार पश्चात परिवारमा पुर्नस्थापना "



१४ बर्षको उमेर मा साबीकको रानागाँउ गा. बि. स. हाल के. आई. सि. गाँउपालिका वडा नम्बर ५ राना गाँउ घर भएकी खडक नेपाली र पुनी नेपालीको छोरा संग दिपायल सिलगढी नगर पालिका वडा ५ बागठाटा को डिले आउजी की छोरी डम्मरी नेपालीको कक्षा ४ मा पढदा पढदैको १३ बर्षको उमेरमा दुबै परिवारको सहमतीमा सामाजीक परम्परा अनुसार मिति २०६५ मंसिर ५ गते मागी बिवाह भएको हो । हाल २४ बर्ष पुगेकी डम्मरीका ३ छोरा छन् । सानो उमेर मा बिहे भई बच्चा भएको कारण उनको बच्चा दानी खराब भएको र २२ बर्षमा पाठेघर सल्यक्रिया पाठेघर फालेको समेत बताएकी छिन । परिवारमा सासु, ससुरा, श्रीमान गरी ७ जना को परिवार रहेको छ । डम्मरीको श्रीमान रोजगारी को क्रममा भारतको पञ्जावमा गारमेन्डमा सिलाई गर्दै आईरहेकको छ । श्रीमानले आफु संग श्रीमती छोरा हरु सहित पञ्जावमा लागेको र पञ्जावमा लागेको केही समय पछी खान लगाउन नदिने कोठामा न आउने तिन दिन, चार दिन मा दुई तिन केजी चामल, अलीकति दाल तेल मसला लिएर आउने झगडा गर्ने कुटने पिटने धम्काउने गाली ,बेजती गर्ने भारत जस्तो ठाउमा आफनो हेरबिचार खाजी खबर केही नगरेको खर्च पैसा पनी नदिएको अरुको सरण लिन मजबुर भई आफुले चिने जानेको नेपालीहरु संग चन्दा उठाएर नेपाल आफनो घर कंञ्चनपुर राजघाट फर्केको नेपाल आउँदा एकलै महिला र हिन्दी भाषा पनी राम्रो संग नजानेको र साथमा ३ बच्चा समालेर आउदा धेरै समस्या भएको उनको भनाई छ। श्रीमानले भारत बाट खर्च नपठाए पछी घरमा बच्चाहरु पालन गर्न गारो परिवारले हेरचाह केही नगरी मलाई खान लगाउन नदिएर मेरो घर बाट निस्की हाल भनेर रात दिन कच्चींगल, कलह झगडा ,आतंक गरी घरमा बस्न नसक्ने वातावरण सृजना भए पछी गाउ घरमा सरसापट मागेर माईती घर डोटीको दिपायल सिलगढी नगरपालिका वडा नम्बर ५ बागठाट मा माईतीको साहरामा बसेको र एकै स्थानमा नबस्नाले बच्चाहरुको पढाईमा असर परेको छ । बाल विवाह ले गर्दा आफनो बैबाहिक जिवन बिग्रीएकोमा डम्मरी सारै चिन्ता र पिडामा परेकी छिन आफु र आफनो तिन बालक सहितको भबिष्य बिग्रीनेमा चिन्ता छिन । माईती घर आएर बस्दा पनि आफनो श्रीमान र परिवार बाट कुनै किसिमको खोजी नभएको, सन्चो बिसन्चो हेरचाह नगरी कुनै किसिमको सर्म्पक नगरे आफुले फोन गर्दा पनि सम्पर्कमा नआएको छ। आफुले गरेको हरेक प्रयास बिफल भएपछी उनले कानुनको साहारा लिन पुगेकी हुन । वडा कार्यालय , अल्पकालिन सेवा केन्द्र न्यायकि समिति मा आफनो समस्या राखेको कसैले नी आफुलाई सहयोग नगरेको उनको भनाई छ । मिति २०७६ असोज २ गते सम बिकास केन्द्रको नेपालको सहयोगमा जिल्ला प्रहरीको महिला सेलमा उजुरी गरीन उनका श्रीमान भारत सासु सासुरा धनगढी हुदा प्रहरी गारो भयो । यताको प्रहरीले उताको प्रहरीलाइ पत्रचार गरेयो । उताको प्रहरीले त्यो ठेगानामा कोही पत्ता लागेको बताइयो । मिति २०७६ मंसिर ५ गते जिल्ला अदालत डोटी मा घरेलु हिंसाको मुद्धा दर्ता गरीन उनी माइती घर बाट आफनो पुरर्खौली घर के आई सिं गाँउपालीका रानागाउ मा दिन मजदुी गरेर आफनो दैनिक जिवन गजुरा बस्दै आईन। अदालती प्रक्रिया चली रहदा लकडाउन सुरु भयो । अदालत बाट ताकेता गरे पछी श्रीमान ,सासु ,ससुरा लाई प्रतिउत्तरको लागी अदालतले बोलायो। दुबै पक्ष लाई राखेर छलफल गराई डम्मरीको श्रीमानले आफुले गल्ती गरेको स्विकार गरी अब देखि यस्तो गल्ती न दोहोरीने प्रतिबद्धता गरी आफनो श्रीमती ३ छोरालाई आफनो साथमा राख्ने सुरक्षाका र लालन ,पालन शिक्षा, स्वस्थ्य ब्यबस्था मिलाउने घरेलु हिंसाको मुद्धा फिर्ता लिईन र कानुनी प्रकिया द्बारा मेलमिलाप गराइएको छ । हाल श्रीमान श्रीमती आफनो परिवारमा मिली जुली खुसी भएको र सम बिसकास केन्द्रले आफुलाई नयाँ जिबन दिलाएको मा आभार ब्यक्त गरीन। आफनो परिवार संग बस्दै आईरहेकी छिन ।

***रेखा वागचन : महिलाको न्यायमा पहूँच अभिवृद्धि परियोजना***

प्रतिवेदक :
सम विकास केन्द्र EDC नेपाल डोटी

मुलुक न्युज

# सम विकास केन्द्र (ईडीसी) डोटी द्धारा के आई सिंह गाउँपालिकालाई ५ लाख बढीको स्वास्थ्य सामाग्री हस्तान्तण

By टेक साउद On जेठ १९, २०७८



**नारद नेपाली/डोटी –** सम विकास केन्द्र (ईडीसी) डोटीले के आई सिं गाउँपालिकालाई स्वास्थ्य सामाग्री हस्तान्तण गरेकको छ । आज संस्थाले गाउँपालिकाको केन्द्र मै गएर ५ लाख १६ सोरहजार ५ पाँच सय बाराबरको सामाग्री हस्तानतरण गरेको संस्थाका अध्यक्ष अधिराज वि.सी ले बताउनु भयो ।

मुलुक न्युज

# जोरायल गाउँपालीकामा ३० लाख रकम बराबरका बाख्रा बितरण गरिने

By टेक साउद On असार १८, २०७८



**नारद नेपाली/डोटी-** डोटीको जोरायल गाउँपालीका वडा नंबर २ मेलखोलामा ३० लाख रकम बराबरको बाख्रा बितरण गरिने भएको छ ।

मुलुक न्युज

# डोटीका तिन पालिकामा 'स्मार्ट पालिका एप'



पालिका एप' हस्तान्तरण पछि केआईसिंह गाउँपालिकामा संयुक्त फोटो सेसन ।

By मुलुक न्युज On बैशाख १७, २०७८ Share Facebook Twitter Email Print 825

***नरेन्द्र बि.क./ बैशाख १७***

डोटी जिल्लाका तिन वटा पालिकामा 'स्मार्ट पालिका एप' सञ्चालन गरिएको छ । जिल्लाका जोरायल,केआईसिंह गाउँपालिका र शिखर नगरपालिकामा स्मार्ट पालिका एप्लीकेशन तयारगरी सञ्चालनमा ल्याउन थालिएको हो ।

शैलेश्वरी टाइम्स साप्ताहिक वर्ष १२ अंक १२, २०७७ साल असोज ११ गते बुधवार ४

# ५ सय ४३ पिपिइ सेट सहयोग

*टाईम्स समाचार*

डोटीका ९ वटा स्थानिय तहका स्वास्थ्य केन्द्रहरुमा कार्यरत रहेका स्वास्थ्यकर्मिहरुका एक संस्थाले शुक्रबार विकास केन्द्र नेपाल (ईडिसी) डोटीले ९ वटै स्थानीय तहका सम्पुर्ण स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकमी तथा सरसफाई गर्ने कर्मचारीलाई शुक्रबार एक कार्यक्रमका बिच



५ सय ४३ पिपिई सेट सहयोग गरेको छ।

विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाईरसको संक्रमण रोकथाममा लागी अग्रपंक्तिमा खटी जनताको सेवामा तलिन रहने स्वास्थ्यकर्मिहरुको सुरक्षाका लागी भन्दै सम पर्शनल प्रोटेक्टीभ ईकुमेन्ट (पिपिई) सेट सहयोग गरेको उक्त संस्थाका अध्यक्ष अधिराज विसिले बताए।

जिल्लामा रहेका सबै स्वास्थ्य संस्थाहरुलाई पुग्ने गरि सामाग्री सहयोग गरिएको हो। पिपिई संगै सेटमा क्याप, गमबुट, चस्मा, मास्क, गलब्स लगायतका सामाग्री रहेको उक्त संस्थाले जनाएको छ।

सुदुरपश्चिम प्रदेश सभा सदस्य भरत खड्का र पुर्णा जोशीको रोहवरमा स्वास्थ्य कार्यालय डोटीका प्रमुख रमेश मलासी, जिल्ला अस्पताल व्यवस्थापन समितिका अध्यक्ष यज्ञराज जोशीलाई उक्त संस्थाका अध्यक्ष अधिराज विसिले सामाग्री हस्तान्तरण गरेका हुन्। जिल्लामा यति ठुलो मात्रमा पिपिइसेट सहयोग गर्नेमा सम्बवत: सम विकास केन्द्र डोटी पहिलो संस्था हो।

सो संस्थाले एक्शनएड नेपालको सहकार्यमा संचालित कार्यक्रम अन्तरगत सामाग्री हस्तान्तरण गरिएको सो संस्थाका कार्यक्रम संयोजक केशव परियार ले बताए। केहि समय यता डोटीमा क्रियाशिल रहेका सामाजिक संस्थाहरु कोरोना महामारी नियन्त्रण र यसबाट समस्यामा परेका मानिसहरुको उद्धारका लागी राहत बितरणको कार्यक्रमहरु संचालन गर्दै आएका छन्।

# जोरायल बस दुर्घटनाको दिप प्रज्वलन

*टाईम्स समाचार*

डोटी डोटीको जोरायल गाउँपालिका २९ जनाको ज्यान जाने गरि भएको बस दुर्घनाको ६ वर्ष पुराभए संगै मृतकहरुको सम्झनामा दिपप्रज्वलन गरिएको छ।

गाउँपालिकाको वडा नम्बर २ कटपतेमा हिन्दुहरुको महानचाड बडा दशैको समयमा २०७१ साल असोज २० गते बस दुर्घटना भएको थियो। उक्त दुर्घटनामा परि ६८ जना घाईते भएका थिए।

घटनाको मिति पारी स्थानियहरुले घटना स्थलमा २९ वटा दिप प्रज्वलन गरि मृतकहरुको आत्माशान्तीका लागी कामना गर्दै सम्झना गरिएको स्थानिय तिर्थराज भट्टले बताए। उक्त कार्यक्रममा स्थानिय तथा जनप्रतिनिधिहरुको सहभागीता रहेको थियो।

नेपाल सरकार

४९०९४५०५०२७१६७५२

"अधिकार र विकासका लागि" जि.प्र.का.डो.द.नं.-२३/०७१/०७२ हु.नि.द.नं.-१९/०७५/०७६

# नजर

Najar Nepali Weekly नेपाली साप्ताहिक

वर्ष ६ अंक १३, २०७७ चैत्र ९ गते सोमबार, पेज संख्या : ४, मूल्य रु. १०।-

# जातीय भेदभाव तथा छुवाछुत अन्त्यका लागि सिलगढीमा जनप्रदर्शन

*शालिभान साउँद*
*चैत्र ८, डोटी*

जातीय भेदभाव तथा छुवाछुत अन्त्यका लागि डोटीको सिलगढीमा आइतबार जनप्रदर्शन गरिएको छ। ५६ औं अन्तर्राष्ट्रिय जातिभेद तथा रंगभेद उन्मूलन दिवसको अवसरमा उक्त जनप्रदर्शन गरिएको हो।

संविधान, ऐन, कानुनको व्यवहारिक कार्यान्वयन गर, दलित माथिको सबै प्रकार - को उत्पीडित र विभेद अन्त्य गर, न्यायपूर्ण समाज निर्माण गरौ, मानवता र सामाजिक सदभाव कायम गरौ लगायतका भारा सहित प्रदर्शन गरिएको हो।

सम विकास केन्द्र (इडिसी) डोटी, भगवती दलित महिला सञ्जाल, दलित महिला संघ (फेडो) डोटी, सेती रिफ्लेक्ट सर्कल, भेदभाव तथा छुवाछुत अन्त्यका लागि जनप्रदर्शन सिलगढी डोटीको संयुक्त आयोजनामा दिपायल सिलगढी नगर-पालिका वडा नं ५ इन्द्र चोक हुँदै जिल्ला प्रशासनसम्म ऱ्याली निकालिएको हो। उक्त ऱ्याली सम विकास केन्द्र डोटीका जिल्ला अध्यक्ष अधिराज बि.सि.को अध्यक्षतामा इन्द्रचोकबाट शुरु भई जिल्ला प्रशासन कार्यालय सिलगढी अगाडि कोण सभामा परिणत भएको थियो।

समाजमा जरा गाडेको जातीय छुवाछुत जस्तो कुप्रथा हटाउन स्थानीय सरकारदेखि प्रदेश र सीयघ सरकारसँग समन्वय गरी जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्नुपर्ने र जातीय छुवाछुत अन्त्यका लागि सबैको सहकार्यमा अभियानको शुरूवात गर्नुपर्ने कोण सभालाई सम्बोधन गर्ने अधिकांश अधिकारकर्मीहरुले बताएका छन्।

कोण सभालाई संबोधन गर्दै इडिसी डोटीका अध्यक्ष अधिराज बिसीले समाजमा जातीय छुवाछुत तथा भेदभाव अझै कायमै रहेको हुनाले यसको अन्त्य गर्न ऐन कानुन मात्रै भएर नहुने हुँदा आम नागरिक आफुबाट छुवाछुत तथा भेदभाव गर्न नहुने व्यवहार र सोच परिवर्तन गर्नुपर्ने बताए। समाजमा गैरदलित र दलित बिच छुवाछुत तथा भेदभाव त छदैछ, यहाँ दलित-दलित बिचको छुवाछुत तथा भेदभावले गर्दा दलित परिवारहरू अघि बढ्न नसकेको अध्यक्ष बिसीले बताए। कार्यक्रममा करिब ३०० जना नागरिक, अधिकारकर्मी, पत्रकार लगायतको सहभागिता रहेको थियो।

परिवारलाई योजनाबद्द ढङ्गले स्थान्तरण गर्ने उद्धेश्यका साथ काम गर्नेछ।

यस पूर्वका आयोग, कार्य दल वा समितिले गरेका अधुरा कामहरु पनि यस आयोगले पूरा गर्ने जनाईएको छ।

आयोगलाई व्यवस्थित बनाउन विभिन्न खालका ऐन, नियम, कार्यबिधीहरु जारी भैसकेका छन्।

मूख्यतया स्थानीय तहहरुले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन, प्रमाणिकरण, जग्गा छनौट र व्यवस्थापनमा प्राथमिकताका साथ काम गर्नुपर्ने आयोगका जिल्ला समिति डोटी अध्यक्ष गणेश बिष्टले बताए। भूमि सम्बन्धी समस्या समाधान आयोगको मूख्य काम नभई स्थानीय तहको मूख्य काम यसभित्र रहेको बिष्टले बताए।

डोटीमा चैत्र ९ गते आदर्श गाउँपालिकाबाट शुरु हुने पालिका स्तरीय अभिमूखिकरण कार्यक्रम चैत्र मसान्त सम्ममा ९ वटै स्थानीय तहमा सम्पन्न गरिसक्ने योजना रहेको जनाईएको छ।

नजर अनलाइन डेस्क १६ आश्विन २०७७, शुक्रबार १९:०३

28Share

**असोज १६, डोटी ।**




सम विकास केन्द्र (ईडिसी) डोटीले विश्वभर फैलिएको कोरोना संक्रमण रोकथामका लागी स्वास्थ्य सुरक्षाका सामग्री वितरण गरेको छ ।

शुक्रबार जिल्ला समन्वय समिति डोटीको सभाहलमा आयोजित कार्यक्रममा स्वास्थ्य कार्यालय डोटीका प्रमुख रमेश मलासीलाई सामाग्री वितरण गरेको हो ।

जिल्लाका ९ ओटै स्थानिय तहका स्वास्थ्य एकाइ प्रमुख तथा स्वास्थ्यकर्मीलाई राहत होस भन्ने हेतुले र अग्रपंक्तिमा खटिरहने व्यक्तिलाई सहज होस भनेर सामाग्री वितरण गरेको इडिसिका अध्यक्ष अधिराज बिसिले बताए ।

जम्मा ५ सय ४३ वटा पिपिई सेट उपलब्ध भएको स्वास्थ्य कार्यालय डोटीका प्रमुख रमेश मलासीले जानकारी दिए । सेटमा क्याप, गमबुट, चस्मा, मास्क, ग्लोब्स लगाएतका समाग्री हुने संस्थाले जानकारी दिएको छ । कोरोना महामारीको समयमा यो भन्दा अगाडी पनि सम विकास केन्द्र नेपालले विभिन्न परियोजना अन्तरगत जिल्लाका विभिन्न स्थानीय तहहरुमा स्वास्थ्य सामाग्री सहयोग गरिसकेको छ ।

# इडिसीद्वारा कोरोना भाइरस विरुद्ध सचेतना अभियान जारी



**झलक पाली** २ असार २०७८, बुधबार २०:०१

87 Share

**असार २, डोटी ।** सम विकास केन्द्र (इडिसी) नेपाल डोटीले जिल्लाका विभिन्न स्थानमा कोरोना भाइरस विरुद्ध सचेतना अभियान जारी राखेको छ ।

कोरोना रोकथामका लागि जिल्लामा निषेधाज्ञा लागू भएकै अवधिमा समुदायमा सचेतना फैलाउने उद्देश्यले अभियान सञ्चालन गरेको हो । एचबिसिसि, युनिलिभर र एक्शन एड नेपालसँगको सहकार्यमा इडिसीले कोरोना भाइरस (कोभिड-१९) सङ्क्रमण रोकथामका लागि समुदायमा सचेतना अभियान संचालन गरिएको इडिसीका कार्यक्रम संयोजक केशव परियारले जानकारी दिए । युवा स्वयंसेवकहरुको अगुवाईमा १० दिनसम्म सञ्चालन हुने अभियानको बुधबार पाँचौ दिन दिपायल सिलगढी नगरपालिका हुँदै शिखर नगरपालिकाको बानेडुङ्ग्रीसैनसम्म अभियान सञ्चालन गरिएको कार्यक्रम संयोजक परियारले बताए ।



# डोटीमा सम विकास केन्द्र नेपालले संक्रमितलाई खाना खुवाउन थाल्यो

**२०७८ जेठ १४, ०३:२५,** 7Shares , *Khabar kunj Nwes*



डोटीमा कोभिड-१९ संक्रमीतका बिरामीले खाना नपाएको गुनासो बढ्न थालेपछि सम विकास केन्द्र नेपालले संक्रमितलाई खाना खुवाउने कार्यको थालनि गरेको छ । संस्थाले बिहिवारबाट जिल्ला अस्पतालमा खाना खुवाउने कार्य सुरुवात गरेको हो । जिल्लाका दुरदराजबाट आएका संक्रमित तथा संक्रमितका आफन्तले खानाका लागी भौतारीनु नपरोस भन्ने हेतुले आइसोलेशनमा भर्ना भएका बिरामीहरुको सहयोगार्थ २१ दिनसम्मको खानाखर्च व्यहोर्ने समविकास केन्द्रका अध्यक्ष अधिराज बिसीले बताउनुभएको छ । सम विकास केन्द्रको प्रशंसा गर्दै कोरना नियन्त्रण वा व्यावस्थापनका लागी गैरसरकारी संस्थाहरुले विषम समयमा थुप्रै सकारात्मक काम गरेको गैरसरकारी संस्थाका अध्यक्ष रघु कठायतले बताउनु भयो । अहीले जिल्ला अस्पताल डोटीमा दश जना बिरामी रहेका छन । बिरामीलाइ अस्पतालले खाना दिए पनी कुरुवाले बाहीर जानुपर्ने बाध्यता रहेको छ । निषेधाज्ञाको बहानामा आफुहरुलाइ अफ्ठ्यारोमा पारेको बुवाको कुरुवा बसेकी शिखर नगरपालीकी टीकेश्वरी सार्कीले बताउन भयो । आइसोलेशनमा भर्ना भएका संक्रमित र कुरुवाहरुको लागि समेत खानाको व्यवस्था भएको जिल्ला अस्पताल डोटीका मेडीकल सुपरिटेन्ड कृष्ण जोशीले बताए ।संस्थाले सादा खाना बिरामी र एक जना कुरुवा समेतको खर्च जेठ ३१ गतेसम्म आइसोलेशनमा जे जति संख्यामा बिरामी आए पनि खाना तथा नास्ताको खर्च व्यहोर्ने भएको छ । जसको लागि जिल्ला अ स्पताल डोटी, अस्पताल भित्र रहेको क्यान्टेन र सम विकास केन्द्र नेपालबिच सोमबार त्रिपक्षीय सम्झौता समेत भएको थियो ।

# कोभिड महाकारी प्रतिकार्य तथा सचेतना अभियानका झलकहरु : 2021




























## *महिला हिंसा अन्त्यका लागी पैरवी अभियान अर्न्तगतका केही झलक : 2021*












## जातीय छुवाछुत तथा अन्य सामाजिक भेदभावको अन्त्यका लागी जिल्ला स्तरमा वहश, पैरवीको झलक













